"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

SAHAKARITA

द्वैमासिक

वर्ष ९ अंक ३२, जेठ-असार,२०७९ www.ncbl.coop 15 May 2022- 16 July 2022

## राष्ट्रिय सहकारी बैंकको संरक्षित पुंजी फिर्ता कोषबाट १७ करोड ७१ लाख बाँडफाँड, एउटै सदस्यले पायो ५७ लाखसम्म




ललितपुर । राष्ट्रिय सहकारी बैंकका एउटै सदस्यले करिब ५७ लाख सम्म संरक्षित पुँजी फिर्ता कोष बापतको रकम प्राप्त गरेका छन् । असार १ गते बैंकले संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यहरुले पाउने रकमको बाँडफाँड कार्य गरेसंगै एउटै सदस्यले करिब ५७ लाख रकम प्राप्त गरेको हो । सहकारी ऐन, २०७४ तथा नियमावली २०७५ को प्रावधान अनुरूप बैंकले सदस्य संघ/संस्थाले जम्मा गरेको बचत रकमको लागि ४० प्रतिशत र कर्जामा तिरेको ब्याजका लागि ६० प्रतिशत भारको आधारमा कुल १७ करोड ७१ लख ७४ हजार २ सय १९ रुपैयाँ ५७ पैसा संरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाँड गरेको छ । संरक्षितपूँजी फिर्ता कोषबाट प्राप्त हुने रकम सम्बन्धित सदस्य सहकारी संघ/संस्थाको खातामा जम्मा गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बताउनु भयो ।............ (बाँकी पृष्ठ ३१ मा)

## स्थानिय सरकारले सहकारीसंग सहकार्य गरेर अगाडी बढ्नुपर्छः अध्यक्ष उप्रेती



ललितपुर । राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबि उप्रेतिले स्थानिय सरकारले सहकारी संघ संस्थासंग सहकार्य गरेर अगाडी बढ्नुपर्ने बताउनु भएको छ । राष्ट्रिय सहकारी बैकं लिमिटेडको आयोजनामा जेठ २३ गते अर्घखाँचिको सन्धिखर्कमा आयोजित जनप्रतिनिधिहरुलाई बधाई तथा सहकारी बैंकको अभिमुखिकरण कार्यक्रममा बोल्दै अध्यक्ष उप्रेतिले स्थानिय तह र सहकारी एकआपसमा हातेमालो गरेर अगाडी बढेमा बिकास निर्माणले गतिलिने समेत दाबि गर्नुभयो ।

उहाँले सहकारी क्षेत्र समाज सेवा गर्ने एक भरपर्दो थलो भएको भन्दै राम्रो कामगर्नेहरु निर्वाचनमा बिजयी भएको पनि बताउनुभयो । कार्यक्रममा बोल्दै सन्धिखर्क नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले जिल्लामा राष्ट्रिय सहकारी बैकंको शाखा कार्यालय स्थापना गर्न आग्रह गर्नुभयो, उहाँले सहकारी मार्फत उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो । .............. (बाँकी पृष्ठ १७ मा)

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**
माधवलाल देवकोटा

**सदस्यहरू**
राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**
नविन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
बलराम के.सी

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

## सम्पादकीय

# सहकारीमा प्रविधिको प्रयोग, आजको आवश्यक्ता

सहकारीलाई नेपाल सरकारले देशको तीन खम्बे अर्थनीतिको एउटा खम्बाको रूपमा अवलम्बन गरिसकेको अवस्थामा यसका कार्य प्रणाली र पद्धतिलाई छिटो, छरितो र विस्वसनीय बनाउन विभिन्न किसिमका प्रविधिको प्रयोग आजको डिजिटल सोसाइटीमा अति आवश्यक भएको छ।

अहिलेको अवस्थामा सहकारी संस्थाले नीति, विधि र प्रविधिको उच्चतम प्रयोग गरी स्मार्ट सेवा समुदायमा बढाउदै लगेको देखिन्छ। यसरी प्रविधिको प्रयोगसँगै सहकारी क्षेत्रले आफ्ना सदस्यहरूलाई उपलब्ध गराउने सेवाको गुणस्तरमा अभिवृद्धि भई संस्थाको दिगोपनालाई अझ सुदृढ बनाउन सक्नेछ, साथै वित्तीय पारदर्शिता तथा सुशासन कायम भई जनस्तरमै सहकारी संस्थाहरूप्रतिको विश्वास वृद्धि हुनेछ। सँगसँगै दिगो विकास लक्ष्य प्राप्तिको उद्देश्य पूरा हुने देखिन्छ। प्रविधिको प्रयोगले सहकारीको विश्वसनीयता बढाउनुका साथै कारोबारलाई पनि व्यवस्थित बनाउन सहयोग पुऱ्याएको छ।

अब पेपरलेस सहकारी कार्यालयको अवधारणाको विकास हुँदै छन। सहकारीले प्रविधिको भरपुर प्रयोग गरी लेखा पद्धति, अभिलेखीकरण तथा दैनिक कारोबारलाई व्यवस्थित ढंगले लेखांकन गर्न, संस्थालाई पूर्ण कम्प्युटराइज्ड गर्न थालिएको छ। पछिल्लो समय यस्ता संस्थाहरूमा वेबसाइट निर्माण गर्ने, स्मार्ट एप्स लगायत प्रविधिमा आधारित अत्याधुनिक सेवा प्रदान गर्ने क्रम चलेको छ। यति मात्रै नभई वित्तीय कारोबारलाई विश्वसनीय तथा व्यवस्थित गर्न विभिन्न किसिमका सहकारी सफ्टवेयरसमेत जडान गर्न थालिएको छ। यस्ता सफ्टवेयरमार्फत् देशैभर छरिएर रहेका सहकारी संस्थाहरूमार्फत् सहकारीकर्मी वा सदस्यहरूलाई बैंकिङ सेवा पुऱ्याउने र सहकारी संस्थाहरूको क्षमता वृद्धि गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुगेको छ। अहिलेको आधुनिक परिवेशमा संसार डिजिटल प्रविधिमा हिडिरहेको छ। तसर्थ हाम्रा परम्परागत सहकारीको व्यवस्थापन गर्न स्थायी, आवधिक सरकार, स्थायी राज्य संयन्त्र हुनुपर्छ। उदार अर्थनीति, आत्मैदेखि सहकार्य गर्ने इमानदार दक्ष सहकारीकर्मी अनि डिजिटल प्रविधिमा नागरिकको पहुँच पुऱ्याउन सकेमा सहकारी माध्ययमबाटै देशको समृद्धिले फड्को मार्न सक्छ। त्यसैले सहकारी क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग अत्यन्त आवश्यक रहेको छ।

# ललितपुरका ६ सहकारीलाई सहकारी बैंकको व्यवसाय पुरस्कार

ललितपुर । राष्ट्रिय सहकारी बैंकले ललितपुरका छ वटा सहकारी संस्थालाई बैंकको व्यवसाय पुरस्कार प्रदान गरेको छ । बैंकको मुख्य शाखा, लगनखेल, चापागाउँ र इमाडोल शाखामा आर्थिक वर्ष




२०७७/०७८ मा बैंकमा नियमित कारोबार गर्ने र उत्कृष्ट कारोबार गर्ने एक/एक वटा सहकारी संस्थालाई ०७९ असार २२ गते ललितपुरमा आयोजित एक कार्यक्रमका बीच बैंकले पुरस्कृत गरेको हो ।

पुरस्कृत हुने संस्थाहरुमा उत्कृष्ट कारोबार विधामा मुख्य शाखाबाट सिन्धु कृषि सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड भोटेचौर-१, सिन्धुपाल्चोक र नियमित विधामा कुलेश्वर-१४, स्थित शुभ सन्देश बचत तथा ऋण सहकारी संस्था लिमिटेड, लगनखेल शाखाबाट उत्कृष्ट श्री गणेश बहुउद्देश्यीय सहकारी सहकारी संस्था लिमिटेड, र नियमित विधामा कुमारीपाटी स्थित स्टार बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन् । त्यसैगरी चापागाउँ शाखाबाट उत्कृष्ट जगतश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित विधामा सम्झना कृषि सहकारी संस्था लिमिटेडलाई पुरस्कृत गरिएको हो ।

बैंकका अध्यक्ष के.बी. उप्रेती, संचालक राम हरि बजगाई, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई, नायव प्रमुख कार्यकारी अधिकृत मनोज खड्का, वरिष्ठ प्रबन्धक राम बाबु आचार्य लगायतले पुरस्कृत गर्नु भएको थियो ।

बैंकको १८ औं वार्षिक साधारणसभामा घोषणा गरिएका विभिन्न विधाका पुरस्कार मध्ये शाखा स्तरीय पुरस्कार शाखाले आयोजना गरेको कार्यक्रम मार्फत वितरण गरिदै आएको छ । पुरस्कार वितरण कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले पुरस्कृत संस्थालाई बधाई तथा शुभकामना दिनुहुँदै संस्थाको सम्पूर्ण आवश्यक्ता बैंकले नै पुरा गर्ने भएकोले राष्ट्रिय सहकारी बैंकमा नियमित कारोबार गर्न आग्रह गर्नुभयो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका संचालक राम हरि बजगाई, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई, नायव प्रमुख कार्यकारी अधिकृत मनोज खड्का लगायतले बधाई तथा शुभकामना व्यक्त गर्नु भएको थियो ।

बैंकका संचालक राम हरि बजगाईको अध्यक्षतामा भएको कार्यक्रम लगनखेल शाखा प्रमुख रमा घिमिरेको सञ्चालनमा सम्पन्न भएको थियो । कार्यक्रममा बैंकको मुख्य शाखाका प्रमुख सुनील महर्जन, चापागाउँ शाखा प्रमुख रामशरण सापकोटा, इमाडोल शाखा प्रमुख अनुजा सैंजू, लगायत सहकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# सहकारीमा स्रोत व्यवस्थापन

"सहकारी ऐनको प्रावधान अनुसार सहकारीको बचत रकम सदस्यलाई ऋण प्रदान गर्न, सहकारी बैंकमा लगानी गर्न, नेपाल सरकारको ऋणपत्रहरुमा लगानी गर्न बाहेक अचल सम्पत्ति खरिद गर्न, पूर्वाधार निर्माण गर्न, अन्य कारोबार -हरुमा लगानी गर्न, कुनै फर्म वा कम्पनी खोल्नको लागि परिचालन गर्न बन्देज गरेको छ" ।



**बल्लभ तिमल्सिना**

कुनै पनि व्यावसायिक गतिविधिहरु सञ्चालन गर्नको लागि रुपैयाँ पैसा (वित्त) को आवश्यकता पर्दछ । सहकारी पनि समुदायमा आधारित व्यवसाय भएकोले स्रोतको आवश्यता पर्छ । सहकारीमा विभिन्न स्रोतबाट रुपैयाँ प्राप्त हुन्छ । सहकारीमा स्रोत भन्नाले खासगरी रुपैयाँ पैसालाई बुझ्नुपर्छ । स्रोतको रणनैतिक हिसाबले परिचालन गर्न सके मात्र लाभप्रदतामा (प्रोफिटाविलिटी) वृद्धि गर्न सकिन्छ । मूख्यगरी सहकारीको लाभप्रदता वृद्धि गर्नको लागि सबैभन्दा चुनौतीपूर्ण कार्य हो स्रोतको सही परिचालन ।

सहकारीका विभिन्न स्रोतहरु मध्ये सबैभन्दा महत्वपूर्ण स्रोत पुँजी हो । पुँजीलाई दुई तरिकाबाट प्राप्त गर्न सकिन्छ । एकथरी पुँजीमा लागत (लाभांशको रुपमा) भुक्तानी गर्नुपर्छ र सदस्यले मागेको बखत निश्चित प्रक्रिया पुरा गरेर फिर्ता समेत गर्नुपर्छ भने अर्कोथरी पुँजी जसको लागत पनि पर्दैन र कसैलाई फिर्ता पनि गर्नुपर्दैन । यसरी फिर्ता गर्नुनपर्ने र लागत पनि नपर्ने पुँजीलाई संस्थागत पुँजी भनिन्छ । दोस्रो महत्वपूर्ण स्रोत बचत निक्षेप हो जसमा लागत अर्थात व्याज भुक्तानी गर्नुपर्दछ । यदि बचत ऋण सहकारी हो भने कुल स्रोतको अधिकांश अंश (७० देखि ८० प्रतिशत) बचत निक्षेपबाट नै प्राप्त भएको हुन्छ । कानुन वा कुनै नियामकिय व्यवस्थापमा बचत ऋण बाहेकको सहकारीको पुँजीको स्रोत के कति हुनुपर्ने भन्ने कुनै ठोस प्रावधान छैन । सहकारी ऐनको दफा ५० ले बचत ऋण सहकारी बाहेकका विषयगत सहकारीहरुले बचत ऋणको कारोबार गर्न नपाउने व्यवस्था गरेपछि अन्य विषयगत सहकारीहरुको पुँजीको स्रोत र अनुपात के र कति हुनुपर्ने हो भन्ने बारेमा बहस जरुरी देखिन्छ । सेयर पुँजी, संस्थागत पुँजी र निक्षेपका अलावा सहकारीको अर्को स्रोत अवितरित नाफा हो । अवितरित नाफाको लागत नपर्ने भएकोले प्रत्येक महिना लक्ष्य अनुसार नाफा वृद्धि भए नभएको विश्लेषण गरी आवश्यक रणनैतिक निर्णयहरु लिनुपर्छ । नाफाको स्रोतलाई व्यवस्थापनले विशेष ध्यान दिनुपर्छ र लक्षित आम्दानीको अनुपात मापन गर्दै जानुपर्छ । उल्लेखित स्रोतहरु संस्थाको आन्तरिक स्रोत हुन् भने आवश्यक परेका खण्डमा स्रोतको व्यवस्थापन गर्न वाह्य पक्षसँग ऋण लिएर गर्न सकिन्छ । सहकारीले ऋण लिंदा त्यसको लागत, समयावधि र परिचालन गरिने क्षेत्रको बारेमा राम्रोसँग अनुसन्धान र विश्लेषण गर्नुपर्छ । सहकारी ऐनको प्रावधान अनुसार सहकारीको बचत

रकम सदस्यलाई ऋण प्रदान गर्न, सहकारी बैंकमा लगानी गर्न, नेपाल सरकारको ऋणपत्रहरुमा लगानी गर्न बाहेक अचल सम्पत्ति खरिद गर्न, पूर्वाधार निर्माण गर्न, अन्य कारोबारहरुमा लगानी गर्न, कुनै फर्म वा कम्पनी खोल्नको लागि परिचालन गर्न बन्देज गरेको छ । पछिल्ला महिनाहरुमा देखिएका सहकारीको समस्याहरुमध्ये धेरैजसो

समस्या स्रोतको परिचालनबाट भएको देखिन्छ। सहकारी ऐनले बन्देज गरेका क्षेत्रहरुमा सदस्यको बचत रकम परिचालन भएपछि देखिएका समस्या प्रमुख छन् । सहकारीको स्रोतको उचित तरिकाले परिचालन गर्नको लागि व्यवस्थापनसँग स्रोत परिचालन सम्बन्धि आवश्यक प्राविधिक ज्ञान हुनु जरुरी हुन्छ भने सञ्चालक समितिसँग सहकारीको स्रोत परिचालन सम्बन्धि कानुनी प्रावधानको बारेमा पर्याप्त जानकारी हुनुपर्छ।

स्रोतको परिचालन प्राविधिक र जटिल कार्य हो । सहकारीको स्रोत परिचालनमा आन्तरिक मात्रै नभई बाह्य पक्षको समेत प्रभाव रहन्छ । त्यसैले स्रोत परिचालनको रणनीति बनाउँदा स्रोतको लागत र समयावधिलाई ख्याल राख्नुपर्छ। लागत लाग्ने स्रोतको परिचालन गर्दा आम्दानी हुने गरी गर्नुपर्छ भने स्थिर सम्पत्ति खरिद गर्नु पर्दा लागत नलाग्ने स्रोतहरुको परिचालन गर्नुपर्छ।

तरलता र सेयर पुँजीको अनुपात लगभग बराबर राख्न सक्नुपर्छ। बचत रकम बराबरकै हाराहारीमा ऋण लगानी गर्न सकियो भने व्याजदरको मार्जिनबाट फाईदा लिन सकिन्छ । त्यसैगरी संस्थागत पुँजीको पचास प्रतिशतभन्दा कम अनुपात कायम रहने गरी स्थिर सम्पत्तिहरु खरिद गर्न सकिन्छ। संस्थाले भल्टमा राख्ने नगदको अनुपात सकेसम्म कम हुनुपर्छ र यसको लागि कुल वासलातको अंकको एक प्रतिशतभन्दा बढि हुनुहुँदैन । त्यस्तै संस्थाले पेश्की रकम लगायत भुक्तानी लिन बाँकी रकमहरु सकेसम्म छिटो फर्छयौट गर्नुपर्छ।

अग्रिम भुक्तानी गर्नुपर्ने रकमहरुलाई सकेसम्म निरुत्साहित गर्नुपर्छ । बचत निक्षेपको स्वस्थ पोर्टफोलियो बनाउनको लागि नियमित बचत कम्तिमा तिस प्रतिशत र आवधिक बचत बढिमा बीस प्रतिशत कायम गर्न सक्नुपर्छ । बचत रकमलाई ऋणमा परिचालन गर्दा पनि ऋणको अवधिलाई ख्याल गर्नुपर्छ। ऋणलाई अल्पकालिन, मध्यकालिन र दिर्घकालिन भनेर समेत छुट्याउन सकिन्छ।

अल्पकालिन ऋण एक वर्ष, मध्यकालिन पाँच वर्ष र दिर्घकालिन पाँच वर्षभन्दा माथिको हुने गरी नीतिगत व्यवस्था गर्न सकिन्छ। अवधिको आधारमा अल्पकालिन र मध्यकालिन ऋण सत्तरी प्रतिशतसम्म हुँदा राम्रो हुन्छ । बचत ऋण सहकारी बाहेकका सहकारीहरुले आफ्नो उद्देश्य अनुरुप सेयर पुँजी संकलन गर्नुपर्छ । यि संस्थाहरुले नियमित बचत, सेयर पुँजी, संस्थागत पुँजी, अनुदान र बाह्य ऋणलाई आफ्नो स्रोत बनाउन सक्छन् । यस्ता स्रोतहरुको परिचालन गरेर आफ्नो उद्देश्य अनुरुप परियोजनाहरुमा लगानी गर्नुपर्छ। लगानी गरिने परियोजनाहरुको लाभहानीको पूर्व विश्लेषण गर्नुपर्छ र सो परियोजना सञ्चालन गर्नको लागि आवश्यक पर्ने जनशक्ति तयार भएको हुनुपर्छ । गैर वित्तीय सहकारीहरुको सेयरको अनुपात सत्तरी प्रतिशत, संस्थागत पुँजी कम्तिमा दश प्रतिशत र बाँकी बीस प्रतिशत अन्य स्रोतबाट व्यवस्थापन गर्न सकियो भने लाभप्रद हुन्छ । अमेरिका र क्यानडामा १९९० को दशकमा सहकारीहरुले घुम्ती पुँजी (रिभल्भिङ्ग क्यापिटल) जस्ता वित्तीय प्रणालीको विकास गरेको पाइन्छ। घुम्ती पुँजीको रणनीति अत्यन्तै सरल छ । यस प्रणालीमा सबैभन्दा पहिला सहकारीलाई आवश्यक पर्ने पुँजीको स्तर निर्धारण गरिन्छ। त्यसपछि सदस्यलाई उनीहरुको इच्छा अनुसार सेयर खरिद गर्न लगाइन्छ । सेयर परिचालनबाट प्राप्त नाफालाई जम्मा गर्दै लगिन्छ र सहकारीले शुरुमा निर्धारण गरेको पुँजीको अनुपात बराबरको रकम पुगेपछि त्यसपछिका वर्षहरुमा कमाउने नाफाबाट निश्चित अनुपातमा व्याज सहित सदस्यको सेयर फिर्ता गर्दै गइन्छ । यसबाट केहि वर्षपछि सहकारीको पुँजीको सम्पूर्ण स्रोत लागत विहिन हुन जान्छ र सहकारीका उत्पादन सेवाहरु बजारमा सबैभन्दा सस्तो दरमा उपलब्ध हुन सक्छ । सहकारीको स्रोत व्यवस्थापनमा दिर्घकालिन रणनैतिक सोच रहनुपर्छ । सदस्यको पैसाको सुरक्षाको प्रत्याभूति सहित सहकारी दिगो रुपमा सञ्चालन हुने गरी स्रोतको उचित व्यवस्थापन गर्न सक्नुपर्छ। ***(लेखक बैंकको तालिम अधिकृत हुनुहुन्छ)***

# होक्से कृषि सहकारी संस्था लि.

## बुद्धशान्ति - १, होक्से (झापा)

**संस्थाको परिचय र पृष्ठभूमि :**

झापा जिल्लाको उत्तरी सिमाना बुद्धशान्ति गाउँपालिका उत्तर पश्चिम क्षेत्रमा इलामको रोङ्ग गाउँपालिका र पश्चिममा अर्जुनधारा वडा नं. १ सँग सिमाना जोडिएको ग्रामिण इलाकामा बसोवास गर्ने कृषकहरुलाई आर्थिक तथा सामाजिक उत्तरदायित्व पुरा गर्ने उद्देश्यले केही जुझारु युवाहरुद्वारा सुरुवात गरिएको सहकारी अभियानलाई वैधानिकता दिन वि.सं. २०६६ साल असोज १८ गते डिभिजन सहकारी कार्यालय झापामा विधिवत् दर्ता गरी होक्से कृषि सहकारी संस्था लि. स्थापना भएको हो ।

स्थापना कालमा विभिन्न आरोह अवरोहहरुको सामना गर्दै आइपरेका कठिन चुनौतिहरुलाई सामना गर्दै अगाडि बढेको यस सहकारी संस्थाले संचालक समिति तथा कर्मचारी वर्गको अथक मेहेनत र परिश्रमले गर्दा २९ जना शेयर सदस्य तथा २,१७,५००।- शेयर पूँजीबाट शुरुवात गरिएको संस्था स्थापनाको छोटो समयमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भई हालसम्म १०४५ जना शेयर सदस्य, १,०९,८५,०००।- शेयर पूँजी तथा ३ करोड बचत जम्मा गर्दै कुल ६ करोड भन्दा माथिको वासलात तयार गर्न सफल भएको छ । कृषि सहकारीको उद्देश्य अनुरुप कृषि क्षेत्रका सम्भावनाहरुलाई नजिकबाट नियालिरहेको यस सहकारीले कृषि पेशालाई मर्यादित र सम्मानजनक बनाउन कृषिमा आधुनिकीकरण गरी व्यवसायिकता तर्फ उन्मुख गराउन "**छोरो कामको खोजिमा र बाबु कामदारको खोजिमा**" हिड्ने बर्तमान परिपाटीको अन्त्य गर्न संस्थाको वित्तीय व्यवस्थापनमा सहकारी मार्फत र संस्था आफैले कृषि, पशुपालन, व्यापार व्यवसाय, शिक्षा लगायत सामाजिक क्रियाकलापका विभिन्न क्षेत्रमा लगानी गर्दै आएको छ ।




**कृषि क्षेत्रमा सहकारीको भूमिका :** यस सहकारी संस्थाले निर्वाहमुखि खेती पद्धतिबाट सदस्यहरुलाई माथि उठाउँदै व्यावसायिकता तर्फ उन्मुख गराउने उद्देश्यले स्थापनाकालको केहि समय पछिनै व्यावसायिक कृषि विकास आयोजना (CADP) साझेदार संस्था साहारा नेपाल मार्फत मौषमी तथा बेमौषमी तरकारी बालीमा उत्पादन देखि भण्डारणसम्मका विभिन्न सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासहरु संचालन गरिरहेको छ ।

जस अन्तरगत सामुहिक टि.पि.एस. आलुको विउ उत्पादन तथा बेसार खेती गरी संस्थामा मनग्ये आम्दानी गर्दै सो पेशामा लुकेको अथाह सम्भावनाको बाटो देखाउने काम भयो ।

- नेपाल राष्ट्र बैंकको ग्रामिण स्वावलम्बन कोष र युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सुलभ दरको कर्जा लिई कृषि क्षेत्रमा ४५ भन्दा बढी र पशुपालन क्षेत्रमा ४७ भन्दा बढी र अन्य सेवा व्यावसायका गरी १०० भन्दा बढी परियोजना संचालन गर्दै सदस्यहरुलाई आत्मनिर्भर र स्वरोजार बनाउने प्रयत्न भईरहेको छ जसको निरन्तरताको लागि समय-समयमा निशुल्क रुपमा मौसमी तथा बेमौसमी तरकारीका विउहरु, उन्नत जातका घाँसको विउ वितरण गर्दै आएको छ ।
- कृषि उत्पादकत्वको बृद्धिको लागि आवश्यक पर्ने रसायनिक मल तथा उन्नत जातका विउ विजनहरुको विक्री वितरण कार्य पनि यस सहकारी संस्थाले गर्दै आएको छ भने समय समयमा कृषकहरुलाई विभिन्न तालिमको व्यवस्था समेत गर्ने गरेको छ ।
- नेपाल सरकार कृषि मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत मौरीपालन पकेट कार्यक्रम संचलान गरी १० जना कृषकरुहलाई २० गोला मौरी गोलाघार सहित आहारा व्यवस्थापनमा नुदान प्राप्त भएको र निरन्तर कार्यक्रम अन्तरगत ३०० लि. क्षमताको मह प्रशोधन मेसिन, मह काड्ने महदानी लगायत मौरीजन्य सामाग्रीहरु प्राप्त गरी होक्से मह उद्योगको स्थापना गरी “Hokse Honey” ब्राण्डको मह उत्पादन, प्रशोधन र विक्री वितरण गर्दै आएकोमा गत वर्षबाट साहारा सतासी मौरी उद्योगसँग साझेदारी गर्दै सोही उद्योग मार्फत “Hokse Honey” ब्राण्डलाई समेत निरत्तरता दिइदै आएको छ भने मौरीपालक कृषहरुको संख्या पनि उल्लेख्य रुपमा वृद्धि हुँदै आएको छ ।



## पशुपालन क्षेत्रमा सहकारीको भूमिका :

- नेपालमा पशुजन्य बस्तुको आयातलाई केही हदसम्म न्यूनिकरण गर्ने उद्देश्यले संस्थाको तर्फबाट एक इटा थप्ने प्रयास स्वरुप यस सहकारी संस्थाले वित्तीय साझेदारीमा मासुजन्य तथा दुग्धजन्य उत्पादन साझेदारी कार्यक्रमहरु अगाडि बढाएको छ । दुध उत्पादन कार्यक्रममा जोडिन चाहने कृषक सदस्यहरुलाई सहुलियतपूर्ण कर्जा कार्यक्रम संचलन गरी गाई भैंसी खरिदमा विशेष कर्जा प्रवाह गरिदै आएको छ भने उत्पादित दुधलाई संस्थाको ३ ओटा संकलन केन्द्रबाट संकलन गरी कच्चा दुध नै विक्री वितरण गर्ने व्यवस्था गरिएको छ, जसबाट प्रत्यक्ष तीन जना सहित १५० जना भन्दा बढीले लाभ लिइरहेका छन् । संकलित दुधको गुणस्तर कायम राख्दै मुल्य श्रृङ्खला बृद्धि गर्न १००० लि. क्षमताको चिलिङ्ग भ्याटको आवश्यक रहेको भएतापनि खरिद गर्ने श्रोत अभाव हुँदा र सम्वन्धित निकायसँग पटक पटक माग पत्र पेश गरेपनि प्राप्त हुन नसक्दा कच्चा दुध नै विक्री गर्न वाध्य हुनुका साथै गुणस्तर सुरक्षामा समेत जोखिम बहन गर्नु परिरहेको छ ।




- बाख्रापालनको प्रसस्त सम्भावना रहेको यस क्षेत्रमा व्यावसाय प्रति चासो बढाउने उद्देश्यले विगत सात वर्षदेखि “पाएको दिने” बाख्रा उपहार कार्यक्रम संचालन गर्दै आएको छ । जस अन्तरगत १५ जना सदस्यहरुलाई एक एक ओटा बाख्राका पाठी निशुल्क वितरण गरी एक वर्ष पश्चात उक्त कृषकले अर्को एक थान बाख्राको पाठी अर्को नयाँ सदस्यलाई फिर्ता गनुपर्ने परम्पराको विकास गरिएको छ । यसै कार्यक्रम अन्तरगत केही सदस्यहरुको घरमा सो १ थान बाख्राबाट उत्पादन बृद्धि भई ५०औं बाख्रा उत्पादन भएर व्यावसायिक बाख्रापालन कृषक बनेका उदाहरणहरु पनि रहेका छन् ।



नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, "**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना**"को ५० प्रतिशत अनुदान कार्यक्रम अन्तरगत यस संस्थाले "होक्से बाखापालन उप आयोजना" को लागि २० प्रतिशत रकम रु. ३४ लाख कृषकको आफ्नो लगानी, ३० प्रतिशत बैंक ऋण राष्ट्रिय सहकारी बैंक, शाखा मेचिनगरबाट रु. ६६ लाख कर्जा लिई र आयोजनाबाट अनुदान ५० प्रतिशत गरी रु. १ करोड स्वीकृत भइ जम्मा रु २ करोडको बजेटबाट २४ जना कृषक शेयर सदस्यहरुलाई आवद्ध गराई कम्पोष्ट पिट सहितको आधुनिक २४ ओटा खोर निर्माण, १० थान दाना बनाउने मेसिन, १४ थान च्यापकटर, उन्नत जातका २४ थान बोका, ४८० थान उन्नत जातका माउ वितरण, २४ ओटा १००० लि.का खानेपानी टेंकी, २४ थान ह्वील व्यारो, आवश्यक घाँस तथा सन्तुलन दाना, खोप तथा परिजिवी नियन्त्रणको लागि औषधि उपचार साथै १ जना पशु प्राविधिक समेत व्यवस्था गरी परियोजना संचालनमा रहेको छ । उक्त कार्यक्रमबाट बाखा पालक कृषक साथै संस्था र सदस्यहरुका लागि उल्लेखनीय सफलता हासिल गर्ने लक्ष्य लिइएको छ । यस उपआयोजनालाई प्रवर्द्धन गर्ने उद्देश्यले संस्थाको आन्तरिक स्रोतबाट साइलेज पिट निर्माणमा ५० प्रतिशत अनुदानको कार्यक्रम संचालनमा रहेको छ ।




## संस्थाबाट संचालित सामाजिक कार्यहरु :

यस संस्थाबाट गाँउघरमा हुने अनेकौ समाजिक कामलाई नैतिक जिम्मेवारी सम्झी त्यस्ता कार्यक्रमहरु पनि संचालन गर्दै आइरहेको छ । सहकारी नाफामुखी संस्था मात्र हो भन्ने धारणा परिवर्तन गर्दै सामाजिक सद्भावसँग जोडिएका अनेकन विषयमा यो सहकारीले हातेमालो पनि गरेको छ र भविश्यमा पनि सामाजिक कार्यहरुलाई निरन्तरता दिने कुरामा कुनै दुइमत रहने छैन । यस्तैगरी यस सहकारीले "ज्येष्ठ नागरिकको सम्मान हाम्रो अभियान" भन्ने





ज्येष्ठ नागरिक तथा अपाङ्ग भेटघाट चौतारीको स्थापना गरी यस क्षेत्रका ३५० भन्दा बढी ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु साप्ताहिक रुपमा भेला भई मनोरञ्जनात्मक, ज्ञानवर्द्धक, धार्मिक, लगायतका विभिन्न कार्यक्रमहरु सहित विगत ६ वर्षदेखि संचालन गरिदै आएको छ जहाँ समय समयमा ज्येष्ठ नागरिक तथा अपाङ्गहरुको भ्रमण पनि हुने गरेको छ। यसरी ज्येष्ठ नागरिकका क्षेत्रमा सेवामूलक कार्यक्रम संचालन गरिरहेको अवस्थामा ज्येष्ठ नागरिकको आफ्नै भवन निर्माण भईसकेको हुनाले व्यवस्थापकीय पक्ष स्वयं संस्थाले गर्नेछ भने सहकारीले समन्वयकारी भूमिका निर्वाह गरेको छ ।

- यस संस्थाले आ.व. २०६८/०६९मा स्थानीय स्तरमा रहेको सामुदायिक विद्यालयलाई स्तरोन्नती गर्ने उद्देश्यले सहकारी संस्थाको शैक्षिक व्यवस्थापनमा अंग्रेजी माध्यमबाट पूर्व प्राथमिक कक्षाहरु बाट पठन पाठन शुरु गरी ३ वर्षसम्म संस्थाले व्यवस्थापन गरी विद्यालयलाई नै जिम्मा दिए पश्चात हाल उक्त विद्यलयको अवस्था सुधार भई हाल उक्त विद्यालयमा अंग्रेजी विषयमा नै पठन पाठनलाई निरन्तरता दिइएको छ ।
- सहकारी संस्थाको तथा कृषि क्षेत्रका गतिविधी, संस्थाको सेवा सुविधा तथा सूचनाहरुलाई सम्पूर्ण सदस्यहरुमाझ पुऱ्याउने उद्देश्यले "होक्सेको सन्देश" नामक त्रैमासिक पत्रिका प्रकाशन गरिदै आएको छ ।
- यस सहकारी संस्थाले समय समयमा रक्तदान कार्यक्रम, स्वास्थ्य शिविर, युवा तथा महिला लक्षित विभिन्न सिपमुलक, तालिम गोष्ठी सञ्चालन गर्दै आएको छ ।

## सहकारी संस्था, संघ तथा बैंकसँगको अन्तरसम्वन्ध :

- वि.सं. २०६६ देखि झापा जिल्ला सहकारी संघसँग आवद्ध रही संघले आयोजना गरेका विविध गतिविधीहरुमा सक्रिय रुपमा सहभागिता जनाउँदै आएको ।
- वि.सं. २०६७ मा रु. १०,०००।- को शेयर खरिद गरी राष्ट्रिय सहकारी बैंकसँग आवद्ध रहेतापनि विविध कारणले उक्त बैंकसँग प्रत्यक्ष वित्तीय कारोवार गर्न नसकिरहेको अवस्थामा गत आर्थिक वर्षबाट मेचिनगर शाखा स्थापना भएसँगै उक्त बैंकसँग प्रत्यक्ष रुपमा निक्षेपको कारोवार हुँदै आएको भएता पनि नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना अन्तरगत यस सहकारी संस्थाले संचालन गरेको होक्से बाख्रापालन उपआयोजनामा आयोजनाले तोकेको ३० प्रतिशत ऋण रकम रु. ६६ लाख सहज रुपमा उपलब्ध गराई आयोजना सफल बनाउन सहयोग पुऱ्याएकोले बैंकसँगको अन्तरसम्वन्ध सुदृढ भएको छ ।

- सहकारी संस्थाहरुको पारस्पारिक सम्वन्धलाई सुदृढ गर्ने उद्देश्यले यस क्षेत्रका सहकारी संस्थाहरुको मैत्रीपूर्ण फुटवल खेलको आयोजना गरिएको थियो । १० ओटा सहकारी संस्थाहरुको सहभागिता रहेको उक्त खेलमा जयपुर बहुउद्देश्यीय सहकारी संस्थाले उपाधि जितेको थियो ।



**सम्मान तथा पुरस्कार** :

- राष्ट्रिय सहकारी दिवसको अवसरमा जिल्ला सहकारी संघद्वारा "उत्कृष्ठ सहकारी २०७०" घोषणा गरी सम्मान तथा पुरस्कार प्राप्त भएको ।

**संस्थाको गतिविधी :**

- यस सहकारी संस्थाले गरेका विविध कृषि गतिविधी सँगसँगै वित्तिय आवश्यकताहरु जोडिएर आएको हुँदा कृषि क्षेत्रको प्रवर्द्धन गर्ने उदेश्यले विविध बचत तथा ऋणको कारोवारसमेत गर्दै आएको छ ।

संस्थाले निम्न बचत खाताहरु संचालन गर्दै सदस्यहरुबाट बचत संकलन गर्दै आएको छ :

- अनिवार्य बचत
- ऐच्छिक बचत
- दैनिक बचत
- साप्ताहिक बचत
- मासिक बचत
- क्रमिक बचत
- सेवा बचत
- एकमुष्ठ बचत
- होक्से सुपर बचत
- पेन्सन बचत
- ज्येष्ठ नागरिक बचत
- बाल बचत (खुत्रुके बचत)
- संस्थागत बचत
- कृषक बचत

*संस्थाले रु. ५०,०००।- सम्म विना धितो तथा रु. १०,००,०००।- धितो कर्जा निम्न बमोजिम प्रवाह गर्दै आएको छ :*

- ❖ कृषि कर्जा
- ❖ पशुपालन कर्जा
- ❖ स्वरोजगार कर्जा
- ❖ मौसमी कर्जा
- ❖ दुध उत्पादन प्रोत्साहन कर्जा
- ❖ प्राविधिक शिक्षा कर्जा
- ❖ अकस्मिक उपचार कर्जा

➢ **विप्रेषण सेवा** :

यस सहकारी संस्थाले यस क्षेत्रमा रहेका सदस्य तथा आम जनतालाई सेवा प्रवाह गर्ने उद्देश्यले आइ.एम. ई. रेमिट, प्रभु रेमिट, हिमाल, वेष्टर्न युनियन मनि ट्रान्सफर, सम्सरा रेमिट, आई. पे. रेमिट लगायत विविध रेमिट्यास सेवा साथै विजुलीको विल भुक्तानी, मोवाइल रिचर्ज, डिसहोम, ल्याडलाइन, ए.डि.एस.एल., इन्टरनेटको विल भुक्तानी, विमा प्रिमियम भुक्तानी, हवाइ टिकट, लगायतका विभिन्न सेवाहरु प्रदान गर्दै आएको छ ।

**सदस्य राहत** :

१. सर्पदंश तथा रेविजको उपचार खर्च सरकारी अस्पतालको विल भर्पाइ को आधारमा बढीमा रु. ३,०००।- वा विल अनुसारको रकम राहत उपलब्ध गराउँदै आएको छ ।

२. सदस्य परिवारमा पर्न गएको मृत्यु शोकमा रू. ५,०००।- राहत रकम सहित समवेदना तथा मानोचामल प्रदान साथै शेयर सदस्यको मृत्युमा निजको शेयर अंक बराबरको रकम प्रदान गर्नुका साथै निजको हकवालालाई शेयर हस्तान्तरण गरिदै आएको छ ।

३. प्राकृतिक प्रकोपले अन्न बालीमा पुऱ्याएको क्षतीमा मुल्याङ्कन गरी विऊ उपलब्ध गराउँदै आएको छ साथै गत वर्षको बेमौसमी हावाहुरीबाट धान बालीमा भएको क्षतिको मुल्याङ्कन गरी ५० प्रतिशत अनुदानमा धानको विउ उपलब्ध गराएको साथै मौसमी घाँस, उन्नत जातका तरकारीको विउ निशुल्क उपलब्ध गराइएको छ ।

४. सदस्यको घर तथा व्यावसायिक क्षेत्रमा बाढी पहिरो तथा आगलागिले क्षति पुऱ्याएमा सञ्चालक समितिद्वारा क्षतिको मूल्याङ्कन गरी बढीमा रू. १०,०००।- सम्म तत्काल राहत प्रदान गराउँदै आएको छ ।

५. संस्थाले काजमा खटाएको कर्मचारी, समितिका पदाधिकारी तथा शेयर सदस्य आकस्मिक दुर्घटना परेमा अवस्था हेरी सञ्चालक समितिको निर्णय अनुसार बढीमा रू. ५०,०००।- राहत प्रदान गर्ने व्यवस्था रहेको छ ।

**संस्थाको सङ्गठानिक ढाँचा :**

| क्र.स. | | समिति तथा उपसमितिहरु | पद |
|---|---|---|---|
| १ | | कार्य समिति | ११ जना |
| २ | | लेखा समिति | ३ जना |
| ३ | | ऋण लगानी उप-समिति | ३ जना |
| ४ | | धितो मुल्याङ्कन उप-समिति | ३ जना |
| ५ | | ऋण अनुगमन उप-समिति | ३ जना |
| ६ | | शिक्षा उपसमिति | ५ जना |
| ७ | | महिला उपसमिति | ५ जना |
| ८ | | कार्यालय व्यवस्थापन | ५ जना |

**संस्थाको कारोवार गतिविधी :**

| क्र.सं. | कारोवार शिर्षक | यस वर्षको रकम |
|---|---|---|
| १ | शेयर पुँजी | १,०९,८२,९००।०० |
| २ | जगेडा तथा अन्य कोष | ९४,८५,६४४।०१ |
| ३ | तिनुपर्ने ऋण | ६२,०५,२५६।२७ |
| ४ | निक्षेप बाँकी | २,७८,१२,४८४।८९ |
| ५ | अन्य दायित्वहरु | ४,८५,०६०।०० |
| ६ | नगद मौज्दात | ७,५३,०२३।३३ |
| ७ | बैंक | ६४,९०,२८१।१४ |
| ८ | कर्जा बाँकी | ४,२४,४६,२४२।०० |
| ९ | पाउनुपर्ने हिसाव | १०,८४,०८३।७१ |
| १० | सम्पत्ति सामान | २२,७०,७५१।०० |
| ११ | संचालन खर्च | १,०४,५४,५१८।०४ |
| १२ | संचालन आय | १,११,८७,१८९।०५ |

जय सहकारी !

# राष्ट्रिय सहकारी बैंकको कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंकको आयोजनामा बैंकका अधिकृत तहका कर्मचारीहरुका लागि ईटहरीमा आयोजित २ दिने कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम कार्यक्रम ०७९ जेठ १५ गते सम्पन्न भएको छ । बैंकको सेवालाई सक्षम, सुदृढ र उत्तरदायी बनाई, सेवाको प्रभावकारिता अभिवृद्धि गरी कर्मचारीहरुमा रहेको ज्ञान, आचरणमा समेत सुधार ल्याई सदस्यमैत्री कार्य गर्नको लागि अधिकृत तहका कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी बैंकको सेवालाई थप प्रभावकारी बनाउन तथा समन्वयकारी भूमिका निर्वाहको लागि तालिम आयोजना गरिएको बैंकले जनाएको छ। कार्यक्रममा कर्मचारीहरुलाई




संचार सिप, आपसी सम्बन्ध निर्माण सिप, सकारात्मक सोचाइ निर्माण सिप लगायतका विषयहरुमा प्रशिक्षण दिइएको छ । तालिमको सहजीकरण डा. मदन विष्ट र संजिव सैंजुले गर्नु भएको थियो । तालिमको समापन कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले दुईदिने तालिमले बैंकको लक्ष्य तथा उदेश्य अनुरुप सेवा सुविधा प्रदान गर्नका लागि अधिकृत तहका (शाखा प्रमुखहरु) को भूमिका अत्यन्तै महत्वपूर्ण हुने धारणा राख्नु भएको थियो । उहाँले सबैलाई योग्यता क्षमता बढाउदै अगाडि बढ्न तथा इमान्दार र कर्तव्यनिष्ट भएर काम गरी बैंकको लक्ष्य प्राप्तिमा एकाकार भएर लाग्नको लागि आग्रह गर्नुभयो । कार्यक्रममा बैंकको मधेश प्रदेश, एक नम्बर प्रदेश र बागमति प्रदेशको दोलखा, सिन्धुली र हेटौंडा शाखा कार्यालयका अधिकृत तहका (शाखा प्रमुखहरु) को तालिममा सहभागिता रहेको थियो । यस अघि बैंकले उपत्यका भित्रका शाखा प्रमुख तथा केन्द्रीय कार्यालयका अधिकृत तहका कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न गरेको छ । बैंकले हरेक वर्ष बैंकमा कार्यरत सबै तहका कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि तालिम संचालन गर्दै आईरहेको ।

## एनएमसी झापाको आयोजनामा केयर कार्यक्रममा आवद्ध संस्थाहरू बीच समिक्षात्मक गोष्ठि

ललितपुर । नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी) झापाको आयोजनामा राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रममा आवद्ध सहकारी संस्थाहरु बीच 'समिक्षात्मक गोष्ठी' कार्यक्रम ०७९ जेठ २१ सम्पन्न भएको छ । कार्यक्रममा सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रममा आवद्ध झापाको मेचीनगर क्षेत्रको सहकारी संस्थाहरुका पदाधिकारी, संचालक, विभिन्न उप-समितिका संयोजक तथा सदस्यहरु, कर्मचारीहरु र सदस्यहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।




कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंकका लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेतीले

केयर कार्यक्रमले संस्थाको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने बताउनु भयो । उहाँले कार्यक्रममा आवद्ध सहकारी संस्थाको संस्थागत विकास तथा स्तरोन्नतीका लागि संस्थाको विनियम अद्यावधिक, कार्यविधिहरु निर्माण एवम् अद्यावधिक योजना निर्माण एवम् समीक्षा, नेतृत्व व्यवस्थापनको दक्षता अभिवृद्धी, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन लगायत गैर-वित्तीय पक्ष एवम् वित्तीय व्यवस्थापन तथा स्वस्थता कायम गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध हुने भएकोले पनि यो कार्यक्रमले सहकारी संस्थाहरुलाई फाईदा हुने उल्लेख गर्नु भयो" । सहकारी संस्थाहरुको संचालनलाई थप व्यवस्थित गरी गुणात्मक सुधार मार्फत सहकारी अभियानको उच्च छवि निर्माणमा पनि यस कार्यक्रमले प्रत्यक्ष सहयोग गर्ने बताउनु भयो । समिक्षात्मक गोष्ठी कार्यक्रमले १४ बुँदे निश्कर्ष समेत निकालेको छ । संस्थाले जोखिममा रहेको ऋणको आधारमा ऋण सुरक्षणको व्यवस्था गर्ने, प्रत्येक संस्थाले अर्धवार्षिक समिक्षा बैठक गर्ने, यस वर्ष कम्तिमा १५ प्रतिशत सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गर्ने, संस्थाका सबै कर्मचारीहरुलाई कार्य विवरण प्रदान गर्ने र असार मसान्त पछि सबै कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मुल्याङ्कन गर्ने लगायतको रहेका छन् ।आयोजक संस्था एनएमसीका वरिष्ठ उपाध्यक्ष नारायण प्रसाद कोईरालाको अध्यक्षतामा भएको कार्यक्रममा सहभागिहरुले केयर मापदण्डको आधारमा संस्थाको अवस्था, संस्थामा भएका सुधार तथा प्रगती, संस्थाको वित्तीय तथा गैर-वित्तीय अवस्थाको बारेमा संस्थागत प्रस्तुतीकरण गर्नुका साथै एक आपसमा भएका असल अभ्यासहरुको अनुभव आदान-प्रदान गरिएको थियो । कार्यक्रममा स्वागत मन्तव्य सस्थाका उपाध्यक्ष भगवती घिमिरे र संचालन तेज कुमारी घिमिरेले गर्नु भएको थियो । कार्यक्रममा संस्थामा सुधार गर्नुपर्ने पक्षहरुको विषयमा बैंकका प्रमुख जोखिम अधिकृत भरत कुमार चिमारिया र अधिकृत सुर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो ।

## तनहुँमा सहकारीको ऐन तथा नियम सम्बन्धी अन्तरक्रिया तथा छलफल

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखा र जिल्ला कृषि सहकारी सघं लिमिटेड तनहुँको संयूक्त आयोजनामा सहकारीको ऐन तथा नियम सम्बन्धि अन्तरक्रिया तथा छलफल कार्यक्रम ०७९ जेठ २५ गते सम्पन्न भएको छ । जिल्ला सहकारी सघं तनहुँका अध्यक्ष श्री प्रसाद भट्टराईको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कृषि सहकारी सघंका अध्यक्ष विष्णु कुमार श्रेष्ठ, जिल्ला बचत तथा ऋण सहकारी सघं तनहुँका अध्यक्ष देबी बहादुर बस्नेत, कृषि सहकारी सघंका केन्द्रीय सदस्य नारायण खनाल र तनहुं जिल्ला कृषि सहकारी सघंका पूर्व अध्यक्षरामजी लौडारी लगायतले कृषि सहकारीमा ऐन तथा नीति नियमको अवस्था आदिको बारेमा प्रशिक्षण दिनु भएको थियो । कृषि ज्ञान केन्द्र तनहुँको सभाहलमा भएको कायक्रममा राष्ट्रिय सहकारी बैक लिमिटेड दमौली शाखाका प्रमुख उपेन्द्र दाहालले सहकारी बैंकमा सदस्य बन्ने प्रकृया र सहकारीको विकासमा बैंकको भुमिकाको बारेमा प्रष्ट पार्नु भएको थियो ।कार्यक्रममा जिल्लामा रहेका कृषि सहकारी संस्था प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## म्याग्दीमा सहकारी संस्थाको योजना तथा बजेट निर्माण तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाले म्याग्दीको बेनीमा आयोजना गरेको २ दिने वार्षिक योजना तथा बजेट निर्माण तालिम जेठ २७ गते सम्पन्न भएको छ । सहकारी संघ संस्थाहरुलाई वार्षिक योजना निर्माण गरी प्रभावकारी सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम आयोजना गरिएको बैंकले जनाएको छ । तालिममा सहकारीहरुको वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण सम्बन्धमा बैंकको तालिम विभागका अधिकृत बल्लभ तिमिल्सिनाले सहजीकरण गर्नु भएको थियो । तालिमका सहभागीहरुले सहकारीमा वार्षिक योजना निर्माण गरी प्रभावकारी रुपमा सञ्चालनका लागि तालिम सहयोगी भएको बताएका थिए ।




तालिम समापनका क्रममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका शाखा प्रमुख युवराज त्रिपाठीले तालिममा सिकेको कुरालाई संस्थाको योजना तथा बजेट निर्माणमा कार्यान्वयन गर्न सके मात्रै तालिमको प्रभावकारिता हुने बताउनुभयो ।

समापन कार्यक्रममा को-अपरेटिभ म्यानेजर्स क्लवका सचिव नेत्रराज सुबेदी , तालिमका प्रशिक्षक बल्लभ तिमिल्सिना, नेपाल पत्रका महासंघ म्याग्दीका उपाध्यक्ष हरिकृष्ण शर्मा गौतम, सहभागीका तर्फबाट नव सृजनशिल सहकारी संस्थाका संस्था सहायक मेख बहादुर कार्की र लोकदिप बचत तथा ऋण सहकारी संस्थाका प्रमिला जोशि श्रेष्ठ लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका कर्मचारी दिनेश कार्कीले गर्नु भएको थियो । तालिममा बागलुङका विभिन्न सहकारी संघ संस्थाका ३० जनाको सहभागिता रहेको थियो । तालिमको शुभारम्भ बेनी नगरपालिकाका प्रमुख सुरत केसी र उपप्रमुख ज्योती लामिछानेले संयुक्त रुपमा गर्नु भएको थियो ।

## कावासोतीमा बैंकको अन्तरक्रिया, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कावासोती शाखाको आयोजनामा अन्तरक्रिया, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम ०७९ जेठ ३१ गते सम्पन्न भएको छ । कार्यक्रममा बैंकको कावासोती शाखामा कारोबार गर्ने सहकारी संघ सस्थाका अध्यक्ष एवम् प्रतिनिधिहरु र राष्ट्रिय सहकारी बैंक बिचमा अन्तरक्रिया तथा शाखामा नियमित र उत्कृष्ट कारोबार गर्ने सहकारी संस्थालाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ। बैंकको कावासोती शाखा समन्वय उप-समितिका संयोजक तिलक प्रसाद पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख आतिथ्यता बैंकका अध्यक्ष के.बी. उप्रेतीको रहेको थियो ।

कार्यक्रममा बोल्दै अध्यक्ष उप्रेतीले सहकारीलाई मर्यादित व्यवसायका रुपमा अगाडि बढाउन सहकारी बिभागबाट जारी भएको ३५ बुंदे निर्देशन कार्यान्वयन गर्न सहकारी संस्थाका पदाधिकारी, संचालक तथा कर्मचारीहरुलाई आव्हान गर्नु भयो । उहाँले सहकारी सदस्य केन्द्रीत व्यवसाय भएकाले संस्थाका संचालक र कर्मचारीहरुले सदस्यको आर्थिक विकास र सामाजिक रुपान्तरणका योजना बनाएर संस्थाको उदेश्य अनुरुपका काम गर्न आग्रह गर्नुभयो । सहकारी क्षेत्रको कारोबार सहकारी बैंकमानै गर्न उत्साहित गर्नुहुदै कोपोमिसमा सहकारी सुचिकृत हुनको लागि सहकारी बैंकलाई पनि सुचिकरण गर्ने संस्थाको आईडि पासवर्ड बनाउने लगायतका अधिकार दिनुपर्ने बताउनु भयो । बैंकले सदस्य संघ संस्थाहरुको लागि सम्पुर्ण वित्तीय तथा गैर-वित्तीय सेवा सहज रुपमा उपलब्ध गराईरहेको जानकारी दिदै बैंक मार्फतनै सबै कारोबार तथा अन्य सुविधा उपभोग गर्न अनुरोध गर्नु भयो । त्यसैगरी उहाँले संघीय तथा प्रदेश सरकारले दिने सहुलियतपूर्ण कर्जा सहकारी बैंक मार्फत परिचालन गर्ने गरी लविङ भईरहेको बताउनु भयो ।कार्यक्रममा राष्ट्रिय सहकारी बिकास बोर्डका कार्यकारी सदस्य पोषणराज सुवेदी, जिल्ला सहकारी सघं नवलपुरका अध्यक्ष केशव प्रसाद सापकोटा, बैंकका नायव महाप्रबन्धक राजेश श्रेष्ठ, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष होमनाथ जैसी, सहकारी कर्मचारी समाजका अध्यक्ष नरभुपाल भुषाल, गैर-सरकारी महासंघ नवलपुरका अध्यक्ष बद्रिनाथ नेपाल, कावासोती शाखा समन्वय उप-समितिका सदस्यहरु, पत्रकार ज्ञानु पंगेनी लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा स्वागत मन्तब्य शाखा समन्वय उप-समितिका सदस्य छविलाल अर्याललले राख्नु भएको थियो ।

बैंकको बारेमा प्रस्तुतीकरण बैंकका नायव महाप्रबन्धक राजेश श्रेष्ठले गर्नुभएको थियो । यसैगरी राष्ट्रिय सहकारी बैंक लिमिटेड कावासोती शाखामा कारोबार गर्ने दुई सहकारी संस्थाहरु सम्मानित भएका छन् । बैंकको १८ औं वार्षिक साधारण सभामा शाखा स्तरमा उत्कृष्ट कारोबारको बिधामा नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड मध्यबिन्दु, नवलपुर र नियमित कारोबारको बिधामा कावासोती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड कावासोती नवलपुरलाई सम्मान गरिएको हो । सम्मानित संस्थाका प्रतिनिधिरुलाई बैंकका अध्यक्ष के.बी. उप्रेतीले खादा लगाई प्रशंसा पत्र वितरण गर्नु भएको थियो । कार्यक्रमको संचालन तथा शाखाको बारेमा प्रस्तुतीकरण कावासोती शाखाका शाखा प्रमुख रुक्मत श्रेष्ठले गर्नु भएको थियो । कार्यक्रममा त्यस क्षेत्रका एक सय चालिस भन्दा बढी सहकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**स्थानीय सरकारले सहकारीसंग**.................मालारानी गाउँपालिका अध्यक्ष दलबहादुर भट्टराईले सहकारीको क्षेत्रलाई व्यापकरुपमा अगाडी बढाउनुपर्ने बताउनु भयो । अर्घाखाँची जिल्ला सहकारी संघका अध्यक्ष प्रकाश भुसालको अध्यक्षता, राष्ट्रिय सहकारी बैकं लुम्बिनि प्रदेश संयोजक बिजया धितालको स्वागत र दोर्ण भुसालको सञ्चालनमा सम्पन्न कार्यक्रममा मालारानी गाउँपालिका निवर्तमान अध्यक्ष बालकृष्ण आचार्य, सन्धिखर्क नगरपालिका सहकारी शाखा प्रमुख जिवनारायण आचार्य, पत्रकार महासंघका उपाध्यक्ष विरेन्द्र केसी लगायतले शुभकामना मनतब्य राख्नु भएको थियो । बैंकका संचालक हरिहरनाथ योगीले स्वागत गर्नु भएको कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक बुटवल शाखाका प्रमुख नारायण वेल्वासे गर्नु भएको थियो ।

## बागलुङमा संचालित सहकारीमा योजना तथा बजेट निर्माण तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैक लिमिटेड बागलुङ शाखाले सहकारी संघ संस्थाहरुको वार्षिक योजना तथा बजेट निर्माणका लागि आयोजना गरेको २ दिने तालिम ०७९ जेठ ८ गते सम्पन्न भएको छ । सहकारी संघ संस्थाहरुलाई




वार्षिक योजना निर्माण गरी प्रभावकारी सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम आयोजना गरिएको बैंकले जनाएको छ ।

तालिममा सहकारीहरुको वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण सम्बन्धमा बैंकका तालिम विभाग तालिम अधिकृत बल्लभ तिमिल्सिनाले सहजीकरण गर्नु भएको थियो । तालिमका सहभागीहरुले सहकारीमा वार्षिक योजना निर्माण गरी प्रभावकारी रुपमा सञ्चालनका लागि तालिम सहयोगी भएको बताएका थिए । तालिम समापनका क्रममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले तालिममा सिकेको कुरालाई संस्थाको योजना तथा बजेट निर्माणमा कार्यान्वयन गर्न सके मात्रै तालिमको प्रभावकारिता हुने बताउनुभयो ।

समापन कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ बागलुङका उपाध्यक्ष गणेश बहादुर खत्री, तालिमका प्रशिक्षक बल्लभ तिमिल्सिना, बागलुङ सहकारी म्यानेजर्स क्लवका सदस्य टिकाराम सापकोटा, सहभागीका तर्फबाट गुहेली सञ्चार सहकारी संस्थाका सचिव प्रसाद थापा, आदर्श सञ्चार सहकारी संस्थाका कर्जा विभाग प्रमुख रुपा ढकाल लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले गर्नु भएको थियो । तालिममा बागलुङका विभिन्न सहकारी संघ संस्थाका ३० जनाको सहभागिता रहेको थियो । तालिमको उद्घाटन बागलुङ नगरपालिकाका प्रमुख बसन्त कुमार श्रेष्ठले गर्नु भएको थियो ।

## सहूलियतपूर्ण कर्जा सहकारी बैंकमार्फत परिचालन गर्न सुदूरपश्चिम प्रदेश सरकार सकारात्मक

ललितपुर । सुदूरपश्चिम प्रदेशबाट प्रदान गरिने सहूलियतपूर्ण कर्जा राष्ट्रिय सहकारी बैंकमार्फत परिचालन गर्न प्रदेश सरकार सकरात्मक भएको छ ।

सुदूरपश्चिम प्रदेशको भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको संयोजन र राष्ट्रिय सहकरी बैंकको सह-आयोजनामा ०७९ जेठ १६ गते साँझ "सुदूरपश्चिम प्रदेश सरकार र राष्ट्रिय सहकारी बैंक बीचको छलफलमा आर्थिक मामिला मन्त्री प्रकाश रावलले सहकारी बैंक लगानी माध्यमको उत्कृष्ट विकल्प भएकोले सहुलियतपूर्ण कर्जा सम्बन्धी कार्यविधि संशोधन तथा आगामी वर्षको बजेटमा थप छलफल तथा अध्ययन गरी राष्ट्रिय सहकारी बैंक मार्फत का गर्न सकारात्मक भएको बताउनु भयो ।

भुमि व्यवस्था, कृषि तथा सहकारी माननीय विनिता देवि चौधरीले सहकारी बैंक मार्फत कर्जा सदुपयोग हुने भन्दै आर्थिक सम्मृद्धिमा समेत टेवा पुग्ने भएकोले यो उत्कृष्ट माध्यम रहेको बताउनु भयो । उहाँले बैंक मार्फत विपन्न एवम् सीमान्तकृत समुदाय तथा लक्षित वर्गमा पुग्ने भएकोले पनि सहुलियतपूर्ण कर्जालाई राष्ट्रिय सहकारी बैंक मार्फत परिचालन गर्नु पर्नेमा जोड दिनु भयो ।



माननीय त्रिलोचन भट्ट र भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवि चौधरीलाई बुझाउनु भएको थियो । अध्यक्ष उप्रेतीले बैंकले कृषि तथा पशुपंक्षीजन्य क्षेत्रको प्रवर्द्धन, युवाहरुमा स्वरोजगार सिर्जना, महिलामा उद्यमशील क्षमताको विकास, परम्परागत सीप र पेशालाई आधुनिकिकरण गरी विपन्न एवम् सीमान्तकृत समुदाय तथा लक्षित वर्गमा व्यवसायिक तथा प्राविधिक ज्ञान, लघुउद्यमको प्रवर्द्धन लगायतका

मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका प्रमुख सचिव रामेश्वर दंगालले स्वरोजगार कोषको रकमलाई थप व्यवस्थित गर्नको लागि सहकारी बैंक मार्फत परिचालन गर्दा सिधै लक्षित वर्ग तथा समुदाय सम्म पुग्ने भएकोले पनि कोषको रकम सुरक्षित हुने कुरामा जोड दिनुहुँदै कार्यविधि संसोधन गरी सहकारी बैंक मार्फत जाने व्यवस्था मिलाउनु पर्ने बताउनु भयो । आर्थिक मामिला मन्त्रालयका सचिव जितेन्द्र बस्नेतले सहुलियतपूर्ण कर्जा दिने विषयमा बैंकसंग थप छलफल गरी उचित निर्णय लिनु पर्ने भन्दै कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रदेशको सबै जिल्लामा बैंक पुग्नुपर्ने बताउनु भयो । भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डाक्टर मदन सिंह धामीले स्वरोजगार कोषको रकम सहकारी बैंक मार्फत लगानी गर्न एकदमै उत्कृष्ट माध्यम रहेकोले सहकारी मार्फत समग्र नागरिकको आर्थिक समृद्धि र स्वरोजगार बनाउने विषयमा अहम भुमिका रहेको उल्लेख गर्दै कृषि लगानीमा प्रदान गर्ने ब्याज अनुदान जस्ता व्यवस्थालाई पनि सहकारी बैंक मार्फत गर्नु पर्नेमा जोड दिनु भयो । स्वरोजगार कोषका कार्यकारी निर्देशक चुडामणी तिम्सिनाले स्वरोजगार कोषको रकम सहकारी बैंक मार्फत परिचालन गर्दा लक्षित वर्गमा पुग्ने कोष रकमको अपचलन तथा दुरुपयोग न्यून भई उत्पादन मुलक कार्यमा लगानी भई स्वरोजगार सिर्जनामा महत्वपुर्ण योगदान पुग्ने बताउनु भयो । छलफलमा बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहुलियतपूर्ण कर्जाको लागि बैंकको तर्फबाट अनुरोध पत्र मुख्यमन्त्री

क्षेत्रहरुमा आफ्ना सदस्य सहकारी संघ संस्था मार्फत वित्तीय स्रोतको सुनिश्चितता, सहकारी तालिम तथा शिक्षा, संस्थाहरुको प्रविधिकरण, स्तरीकरण, तिनै तहका सरकार समक्ष बहस पैरवी जस्ता कार्य गरिएको जानकारी दिनु भयो । उहाँले ग्रामीण क्षेत्रका किसान/युवा/महिलाहरुले आफ्नो आर्थिक कारोवार सहकारी मार्फत गरिरहेको हुनाले प्रदेशबाट प्रदान गरिने सहूलियतपूर्ण कर्जा बैंकमार्फत सहकारीको माध्यमबाट लक्षित वर्गमा पुऱ्याउनको लागि बैँकलाई सहूलियतपूर्ण कर्जा उपलब्ध गराई रोजगारी सिर्जना, गरीबी निवारण लगायतका प्रदेश सरकारका उद्देश्यमा ठोस योगदान पुऱ्याउने बैंकको अभियानमा आवश्यक सहयोग गर्न अनुरोध गर्नु भयो ।

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवि चौधरी अध्यक्षतामा भएको छलफल कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष एवम् बैंकका सल्लाहाकार मिनराज कँडेल, बैंकका संचालकहरु रामहरी बजगाई, शिवा थापा, प्रदेश सरकारका विभिन्न मन्त्रालयका मन्त्रीहरु, प्रमुख सचिव, अर्थ सचिव, कृषि सचिव, स्वरोजगार कोषका कार्यकारी निर्देशक, प्रदेश सहकारी विभागका रजिष्ट्रार, लगायत अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकका नायव महाप्रवन्धक राजेश श्रेष्ठले बैंकको विषयमा प्रस्तुतिकरण गर्नु भएको थियो ।

बैंकले सातै प्रदेशका सरकारलाई सहूलियतपूर्ण कर्जा उपलब्ध गराउन अनुरोध गर्दै पत्र बुझाउएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बताउनु भयो ।

# बिराटनगरमा सहकारीकर्मीहरू बीच राष्ट्रिय सहकारी बैंकको अन्तरक्रिया




ललितपुर । राष्ट्रिय सहकारी बैंकको प्रदेश नम्बर-१, का सदस्य सहकारी संघ संस्थाका प्रतिनिधिहरु बीच अन्तरक्रिया तथा सदस्य संस्था सम्मान कार्यक्रम ०७९ जेठ १७ गते सम्पन्न भएको छ । कार्यक्रममको उद्घाटन राष्ट्रिय सहकारी बैंकका निर्वतमान अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष रमेश प्रसाद पोखरेलले उद्घाटन गर्नुभएको थियो ।

उद्घाटन पछि मन्तव्य राख्नुहुँदै बैंकका नि.वर्तमान अध्यक्ष पोखरेलले मर्यादित व्यवसाय र प्रविधिमा सहकारी' भन्ने नारालाई सार्थक बनाउन सहकारीको सेवा तथा कार्यलाई प्रविधिमैत्री बनाउनु पर्ने बताउनु भयो । सहकारी संस्थाहरुले दिने सेवालाई समयानुकूल र प्रविधिमैत्री बनाउन नसक्दा पछि परेको भन्दै बैंकले प्रविधिमैत्री सेवा उपलब्ध गराउनु पर्ने बताउनु भयो ।

राष्ट्रिय सहकारी बैंकले सदस्य सहकारी संघ संस्थाहरु बीच वित्तीय तथा गैर-वित्तीय क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्दै अब सहकारी संस्थाहरुले उत्पादन तर्फ लाग्नु पर्नेमा जोड दिनु भयो । बैंकका संचालक अमृता सुब्बाको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका संचालक एवम् प्रदेश नम्बर-१, का संयोजक महेन्द्र कुमार गिरी, प्रदेश सहकारी संघका अध्यक्ष डिल्ली पोखरेल, महासंघका संचालक गणेश ढकाल, सहकारी अभियन्ताहरु विरेन्द्र यादव र रामचन्द्र गौतम लगाएतले लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो । सहकारी संघ/संस्थाका प्रतिनिधिहरु सहभागि भएको कार्यक्रममा सहभागीहरुले कृषि क्षेत्रमा कर्जा प्रवाह गर्नको लागि सहकारी बैंकले बिना धतो सहुलियत कर्जा उपलब्ध गराउन माग गरेका छन् । उनीहरुले सहकारीका कर्मचारीको क्षमता विकासका लागि तालिमको ब्यवस्था, गर्नुपर्ने, सहकारी संस्थालाई प्रभाव पार्ने नीति, नियम, निर्देशिका तथा प्रविधिको बारेमा अवगत गराउन नियमित रुपमा अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्ने बताएका छन् ।बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंकको गतिविधिको विषयमा प्रस्तुतिकरण गर्नु भएको थियो । बिराटनगर शाखाका प्रभु पोखरेलले संचालन गर्नु भएको कार्यक्रममा प्रदेश नम्बर-१ भित्रका विभिन्न सहकारी संघ संस्थाका एक सय पचास जना भन्दा बढीको सहभागिता रहेको थियो ।

सोहि कार्यक्रममा बैंकको १८ औं वार्षिक साधाराण सभाको अवसरमा घोषणा भएको शाखा स्तरमा उत्कृष्ट र नियमित कारोबार गर्ने प्रदेश नम्वर १ अन्तर्गतका १२ वटा शाखा मध्ये ७ वटा शाखा कार्यालयहरु फिदिम, विर्तामोड, उर्लाबारी, इटहरी, धरान, धनकुटा र विराटनगर शाखाको सहकारी संस्थाहरु सम्मानित भएका छन् ।

# सहकारी संघ/संस्थालाई कोपोमिसमा आवद्ध गराउन सहकारी बैंकको सहजीकरण

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सहकारी संघ/संस्थाहरुलाई एकीकृत विद्युतिय व्यवस्थापन सुचना प्रणाली (कोपोमिस) मा सहकारीको समष्टिगत विवरण भर्न सहजीकरण गरिरहेको छ । बैंकले आफ्ना ६८ वटै शाखा कार्यालय मार्फत देशैभरका आफ्ना सदस्य संघ/संस्थाहरु र बैंकमा सदस्य नभएका संस्थाहरुलाई पनि 'कोपोमिस'मा आबद्ध हुनको लागि सहजीकरण गरेको बैंकले जनाएको छ । बैंकले "सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई कोपोमिस' प्रणालीमा आवद्ध भई समष्टिगत विवरण भर्न अनुरोध गर्दै सहकारी विभागको निर्देशन अनुसारनै 'कोपोमिस' प्रणालीमा आवद्ध हुन सहकारी संघ/संस्थाहरुलाई आह्वान गरेको छ ।

बैंकले 'कोपोमिस' प्रणालीमा विवरण भर्नको लागि सहकारी संघ/संस्थालाई सहयोग गर्ने उद्देश्यले सहकारी विभागको प्राविधिक सहयोगमा भौतिक उपस्थितिमा तथा भर्चुअल मार्फत तालिम संचालन गरेको बैंकले जनाएको छ । सहकारी विभागले कोपोमिसमा सहकारीको समष्टिगत विवरण भर्न राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक लगायत सहकारीका केन्द्रीय संघहरुलाई पत्राचार गरेपछि बैंकले कोपोमिसमा आबद्ध गराउन सहजीकरण गरेको हो ।बैंकका सदस्य संस्थाहरुमध्ये कोपोमिसमा नआएका सहकारीहरुको डाटा पहिचानका लागि समेत Online फर्मको विकास गरी विवरण भर्न आग्रह गरेको बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत मनोज खड्काले बताउनु भयो ।

# मोरङमा बार्षिक कार्ययोजना निर्माण तथा केयर समीक्षा बैठक



सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रममा आवद्ध संस्थाका पदाधिकारी, संचालक, विभिन्न उप-समितिका संयोजक तथा सदस्यहरु, कर्मचारीहरु र सदस्यहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो । ३१ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा सहकारी संस्थामा बार्षिक योजना निर्माण प्रक्रिया,

ललितपुर । भोजपुरे बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुन्दरहरैचा, मोरङको आयोजनामा वार्षिक योजना निर्माण तथा राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रमको 'समिक्षात्मक बैठक' कार्यक्रम ०७९ असार १० गते सम्पन्न भएको छ ।

बार्षिक योजनाका तत्वहरू, बित्तीय योजना, बजेट निर्माण, बार्षिक लक्ष्य तथा रणनीतिहरू लयागतका विषयमा बैंकका अधिकृत सुर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो, भने कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष केशब अधिकारीले गर्नु भएको भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकद्वारा इलामका दुई सहकारी संस्था सम्मानित

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड इलाम शाखामा आर्थिक वर्ष २०७७/०७८ मा उत्कृष्ट र नियमित कारोबार विधामा सम्मानित भएका सहकारीहरुलाई ०७९ असार १४ गते एक कार्यक्रमका बीच सम्मान पत्र प्रदान गरिएको छ ।

प्रदेश नम्बर १, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको आयोजनामा इलाम ग्रीन भ्यू होटलमा ईलामका सहकारी संस्थाहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री



ओम प्रकाश सरावगीले इलाम शाखामा आर्थिक वर्ष २०७७/०७८ मा उत्कृष्ट कारोबार विधामा हिमाल बचत तथा ऋण सहकारी संस्था इलाम र नियमित कारोबार विधामा राष्ट्रसेवक सहकारी संस्था इलामलाई सम्मान पत्र प्रदान गर्नुभएको थियो । सम्मान पत्र वितरण पछि बोल्दै मन्त्री सरावगीले राष्ट्रिय सहकारीले बैंकले सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गर्नको लागि वित्तीय तथा गैरवित्तीय क्षेत्रमा गरेको कार्यको उच्च प्रंशसा गर्नु भयो । उहाँले उत्पादनसिल क्षेत्रमा लगानी बढाउनु पर्नेमा जोड दिनु भयो । उहाँले प्रदेश सरकारले यस क्षेत्रको गरिबी न्यूनिकरण गरि रोजगारी सिर्जना र कृषिमा उत्पादकत्व बढाउन बैंकसंग हातेमालो गरेर काम गर्ने बताउनु भयो । मन्त्रालयका सचिव कृष्ण प्रसाद सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा इलाम नगरपालिकाका उप मेयर विष्णु दाहाल, केन्द्रीय चिया सहकारी संघ नेपालका निवर्तमान अध्यक्ष गोविन्द दाहाल, जिल्ला सहकारी संघ इलामका कार्यबाहक अध्यक्ष लिला प्रसाद थापा, जिल्ला दुग्ध उत्पादक सहकारी संघ इलामका अध्यक्ष हेम कट्टेल, जिल्ला चिया उत्पादक सहकारी संघ इलामका अध्यक्ष प्रेमराज गुरुङ्ग लगायत जिल्ला संघ र विषयगत संघ एवं स्थानीय सहकारी संस्थाहरुका पदाधिकारी एवं प्रमुख गरी ८२ जनाको उपस्थिति रहेको थियो । मन्त्रालयका अधिकृत तोया तिम्सिनाले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा बैंकको तर्फबाट ईलाम शाखाका प्रमुख मनोज लामिछाने र सहायक भिम कुमारी राईको उपस्थिति रहेको थियो ।उत्कृष्ट कारोबार विधामा सम्मान पत्र हिमाल साकोस इलामका अध्यक्ष टेक बहादुर राई र कोषाध्यक्ष मोहन प्रसाद गौतम, नियमित कारोबार विधामा सम्मान पत्र राष्ट्रसेवक सहकारी संस्था लिमिटेड इलामका अध्यक्ष गणेश अधिकारी र उपाध्यक्ष प्रमिला भण्डारीले ग्रहन गर्नु भएको थियो ।

# सहकारीको वार्षिक योजना तथा बजेट निर्माण तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड महाराजगन्ज शाखाले आयोजना गरेको २ दिने वार्षिक योजना तथा बजेट निर्माण तालिम असार १४ गते सम्पन्न भएको छ । सहकारी संघ संस्थाहरुलाई वार्षिक योजना निर्माण गरी प्रभावकारी सञ्चालनमा सहयोग पुर्‍याउने उद्देश्यका साथ तालिम आयोजना गरिएको बैंकले जनाएको छ । तालिममा सहकारीहरुको वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण सम्बन्धमा बैंकको तालिम विभागका अधिकृत बल्लभ तिमिल्सिनाले सहजीकरण गर्नु भएको थियो ।



तालिमका सहभागीहरुले सहकारीमा वार्षिक योजना निर्माण गरी प्रभावकारी रुपमा सञ्चालनका लागि तालिम सहयोगी भएको बताएका थिए । तालिम समापनका क्रममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै राष्ट्रिय सहकारी बैंकका संचालक ज्ञान बहादुर तामाङ्गले तालिममा सिकेको कुरालाई संस्थाको योजना तथा बजेट निर्माणमा कार्यान्वयन गर्न सके मात्रै तालिमको प्रभावकारिता हुने बताउनुभयो । उहाँले संस्थाको परिकल्पना, ध्येय र उद्देश्यहरु हासिल गर्न व्यवसायिक तथा रणनीति योजनाहरुको महत्व बताउदैं ती योजनाको आधारमा बार्षिक योजना तथा बजेट निर्माण गर्नुपर्ने बताउनुभयो । समापन कार्यक्रममा बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत मनोज खड्का लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक महाराजगन्ज शाखाका प्रमुख सिद्धिकुमार श्रेष्ठले गर्नु भएको थियो । तालिममा चक्रपथ क्षेत्रको विभिन्न सहकारी संघ संस्थाका ३३ जनाको सहभागिता रहेको थियो ।

## बनेपामा सहकारी बैंकको अन्तरक्रिया, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बनेपा शाखाको आयोजनामा सहकारी संघ संस्थाहरुका प्रतिनिधिहरु बीच अन्तरक्रिया, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम ०७९ असार १५ गते सम्पन्न भएको छ । कार्यक्रममा बैंकको बनेपा शाखामा कारोबार गर्ने सहकारी संघ/सस्थाका प्रतिनिधिहरु र राष्ट्रिय सहकारी



बैंक बीचमा अन्तरक्रिया, नियमित र उत्कृष्ट कारोबार गर्ने सहकारी संस्थालाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको हो । बैंकका संचालक तथा बागमती प्रदेशका संयोजक ज्ञान बहादुर तामाङ्गको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला सहकारी संघ लिमिटेड काभ्रेपलान्चोकका अध्यक्ष दिलिप शर्मा, जिल्ला बहुउद्देश्यीय सहकारी संघ काभ्रेका उपाध्यक्ष कृष्ण भक्त थापा, जिल्ला बचत तथा ऋण सहकारी संस्था संघका उपाध्यक्ष सागर नाथ कपाली लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा बैंकको बनेपा शाखामा कारोबार गर्ने सहकारी संघ/संस्थाका ५० जना भन्दा बढी सहकारीकर्मीहरुको सहभागीता रहेको थियो । सो अवसरमा राष्ट्रिय सहकारी बैंक बनेपा शाखामा कारोबार गर्ने दुई सहकारी संस्थाहरु सम्मानित भएका थिए । बैंकको १८ औं वार्षिक साधारण सभामा शाखा स्तरमा उत्कृष्ट र नियमित कारोबार विधा अन्तर्गत घोषणा भएका सहकारी संस्थाहरुलाई सम्मान गरिएको हो । सम्मानित हुने संस्थाहरुमा उत्कृष्ट तर्फको सेतीदेवी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड धुलिखेल-२, र नियमित तर्फ सम्बृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड बनेपा-५, रहेका छन । सम्मानित संस्थाका प्रतिनिधिरुलाई बैंकका संचालक ज्ञान बहादुर तामाङ्गले दोसल्ला ओढाई प्रशंसा पत्र वितरण गर्नु भएको थियो । कार्यक्रमको संचालन तथा शाखाको बारेमा प्रस्तुतीकरा बनेपा शाखाका प्रमुख वीरबल कुमार राजवंशीले गर्नु भएको थियो ।

# पोखराका दुई सहकारीलाई सहकारी बैंकको व्यवसाय पुरस्कार




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा शाखाले पोखराका दुईवटा सहकारी संस्थालाई बैंकको व्यवसाय पुरस्कार प्रदान गरेको छ।

आर्थिक वर्ष २०७७/०७८ मा बैंकमा नियमित कारोबार गर्ने र उत्कृष्ट कारोबार गर्ने एक/एक वटा सहकारी संस्थालाई ०७९ असार १६ गते पोखरामा आयोजित एक कार्यक्रमका बीच बैंकले पुरस्कृत गरेको हो । उत्कृष्ट कारोबार विधामा पोखरास्थित आमा मिलन वचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित विधामा शैक्षिक समाज वचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पुरस्कृत गरिएको हो । आमा मिलन सहकारीका अध्यक्ष इन्दिरा पौडेल र शैक्षिक समाज सहकारीका अध्यक्ष लिलाधर बराललाई बैंकका तर्फबाट राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जि.सी.(अञ्जु), राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसी, बैंकको पोखरा शाखा समन्वय उपसमितिका संयोजक मेजर तुलसी प्रसाद गुरुङ लगायतले पुरस्कृत गर्नु भएको थियो । बैंकको १८ औं वार्षिक साधारणसभामा घोषणा गरिएका विभिन्न विधाका पुरस्कार मध्ये शाखा स्तरीय पुरस्कार शाखाले आयोजना गरेको कार्यक्रम मार्फत वितरण गरिदै आएको छ । पुरस्कार वितरण कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु) ले सहकारी क्षेत्रमा देखिएका समस्याहरुको समाधानका लागि सहकारी अभियानका बीचमा सहकार्य र समन्वय आवश्यक रहेको बताउनुभयो । उहाँले एकतावद्ध अभियान मार्फत तीन वटै तहका सरकारलाई सहकारीमैत्री नीति निर्माण र कार्यान्वयनमा दवाव सिर्जना गर्नु पर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक राम बहादुर जिसी, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघका सञ्चालक तथा सहकारी बैंक व्यवसाय प्रवर्द्धन उपसमितिका सदस्य सुरेन्द्रमणी पौडेल, बैंकको पोखरा शाखाका सल्लाहकार तथा नेफस्कुनका पूर्व सञ्चालक भीम गुरुङ, पोखरा शाखाका सल्लाहकार तथा जिल्ला सहकारी संघ कास्कीका निवर्तमान अध्यक्ष रविरमण तिवारी, बैंक शाखा समन्वय उपसमितिका सदस्यहरु केदार न्यौपाने, हरिभक्त पौडेल, चित्रराज बराल, लक्ष्मण बाँस्तोला लगायतले वधाई तथा शुभकामना व्यक्त गर्नु भएको थियो । कार्यक्रम बैंकको पोखरा शाखा समन्वय उपसमितिका संयोजक मेजर तुलसी प्रसाद गुरुङको अध्यक्षता र बैंकका शाखा प्रमुख नरेश पाण्डेको सञ्चालनमा सम्पन्न भएको थियो । राष्ट्रिय सहकारी बैंक पोखरा शाखामा ३ सय ५५ वटा सहकारी संघ संस्था सदस्य, १८ करोड शेयर पूँजि, २ अर्ब निक्षेप, करिव १ अर्ब कर्जा लगानी रहेको शाखा प्रमुख नरेश पाण्डेल जानकारी दिनभयो ।

# राष्ट्रिय सहकारी बैंकद्वारा नुवकोटका दुई सहकारी संस्था सम्मानित

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड नुवाकोट शाखामा आर्थिक वर्ष २०७७/०७८ मा उत्कृष्ट र नियमित कारोबार गर्ने दुई सहकारी संस्थाहरुलाई ०७९ असार २५ गते पुरस्कार वितरण गरिएको छ। १०० औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसर पारी बैंकको नुवाकोट शाखामा आर्थिक वर्ष २०७७/०७८ मा उत्कृष्ट कारोबार गर्ने शुभप्रभात बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित कारोबार गर्ने आदर्श बहुउद्देश्यीय सहकारी संस्थालाई पुरस्कृत गरेको हो । पुरस्कृत संस्थाका प्रतिनिधिहरुलाई बैंकका संचालक एवम् बागमती प्रदेशका संयोजक ज्ञान बहादुर तामाङ्गले प्रशंसा पत्र वितरण गर्नु भएको थियो । बैंकको १८ औं वार्षिक साधारणसभामा घोषणा गरिएका विभिन्न विधाका पुरस्कार मध्ये शाखा स्तरीय पुरस्कार शाखाले आयोजना गरेको कार्यक्रम मार्फत वितरण गरिदै आएको छ । शाखा समन्वय उपसमितिका संयोजक बैकुण्ठ मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा नुवाकोट र रसुवा जिल्लामा रहेका सहकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरु बीचमा अन्तरक्रिया समेत भएको थियो। कार्यक्रमको संचालन शाखा प्रमुख प्रदिप अर्यालले गर्नु भएको थियो।

# चितवनमा राष्ट्रिय सहकारी बैंक र संघ साझेदारी कार्यक्रम




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आर्थिक, प्राविधिक सहयोग र चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको आयोजनामा चितवन जिल्लामा संचालित १० करोड माथि वासलात भएका बचत तथा ऋण सहकारी संस्थाहरुका लागी "वार्षिक नीति कार्यक्रम, बजेट निर्माण तथा कोपोमिस प्रविष्टि र सम्पत्ति सुद्धिकरण" सम्बन्धी एक दिवसीय तालिम ०७९ असार १९ गते सम्पन्न भएको छ। सहकारी संघ संस्थाहरुलाई वार्षिक योजना निर्माण गरी प्रभावकारी सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम प्रदान गरिएको बैंकले जनाएको छ । तालिममा सहकारीहरुको वार्षिक प्रणालीमा समष्टिगत विवरण प्रविष्टि गर्ने सम्बन्धमा बैंकका अधिकृत नवकुमार अधिकारीले सहजीकरण गर्नु भएको थियो। तालिमका सहभागीहरुले सहकारीमा वार्षिक योजना निर्माण गरी प्रभावकारी रुपमा सञ्चालन र कोपोमिस प्रविष्टि गर्नका लागि तालिम सहयोगी भएको बताएका थिए।

चितवन ज़िल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका अध्यक्ष हरिश्चन्द्र सवेदीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष शान्ति ढकाल (अधिकारी) को प्रमूख आतिथ्यता रहेको थियो। कार्यक्रममा नेपाल बचत तथा ऋण सहकारी संघको लेखा सुपरिवेक्षण समितिका संयोजक नवराज सापकोटा, बागमती प्रदेश बचत तथा ऋण सहकारी संघका संचालक तेजेन्द्र बहादुर खड्का र राष्ट्रिय सहकारी बैंक लिमिटेड भरतपुर शाखाका प्रमुख सन्तोष ढकालले मन्तव्य राख्नु भएको थियो। मन्तव्यको क्रममा प्रमुख अतिथि तथा अन्य अतिथिहरुले राष्ट्रिय सहकारी बैंक र संघ साझेदारी तालीम अत्यन्त सान्दर्भिक भएको बताउँदै बैंकले सबै केन्दीय, प्रदेश र जिल्ला स्तरमा रहेका संघहरुसंग साझेदारी गरी सहकारी संघ/संस्थाका

संचालक तथा कर्मचारीहरुको क्षमता विकास गर्ने तालिम तथा शिक्षा देशैभर संचालन गर्नुपर्ने बताएका छन् । संघहरुको साझेदारीमा तालिम तथा शिक्षाका कार्यक्रम संचालन गर्दा प्रभावकारी हुने समेत भएकोले पनि बैंक र संघको साझेदारीमा संचालन गर्न आग्रह गरेका हुन । कार्यक्रममा चितवन जिल्लामा रहेका सहकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो । बैंकले जिल्ला स्तरको संघ र बैंकको साझेदारीमा कार्यक्रम देशैभर संचालन गरिरहेको छ ।

# तनहुँका दुई सहकारीलाई सहकारी बैंकको व्यवसाय पुरस्कार



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखाले तनहुँका दुईवटा सहकारी संस्थालाई बैंकको व्यवसाय पुरस्कार प्रदान गरेको छ । आर्थिक वर्ष २०७७/०७८ मा बैंकमा नियमित कारोबार गर्ने र उत्कृष्ट कारोबार गर्ने एक/एक वटा सहकारी संस्थालाई ०७९ असार १९ गते दमौलीमा आयोजित एक कार्यक्रमका बीच बैंकले पुरस्कृत गरेको हो ।

उत्कृष्ट कारोबार विधामा शुक्ला गण्डकीस्थित बेल चौतारी वचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित विधामा दमौलीस्थित सम्वृद्धि वचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पुरस्कृत गरिएको हो । बेल चौतारा सहकारीका अध्यक्ष हिम कुमार श्रेष्ठ र सम्वृद्धि सहकारीका उपाध्यक्ष कृष्ण बहादुर भुजेललाई ब्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने, राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जि.सी.(अञ्जु), राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसी, बैंकको दमौली शाखा समन्वय उपसमितिका संयोजक अमर बहादुर कुँवर लगायतले पुरस्कृत गर्नु भएको थियो ।

बैंकको १८ औं वार्षिक साधारणसभामा घोषणा गरिएका विभिन्न विधाका पुरस्कार मध्ये शाखा स्तरीय पुरस्कार शाखाले आयोजना गरेको कार्यक्रम मार्फत वितरण गरिदै आएको छ । पुरस्कार वितरण कार्यक्रममा बोल्दै ब्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले स्थानीय तहको समृद्धिका लागि सहकारीहरुसंगको सहकार्यमा जोड दिइएको बताउनभयो । सहकारी आम समुदायलाई आर्थिक रुपमा सबल बनाउने र सामाजिक रुपमा सक्षम बनाउने अभियान हो, नगर प्रमुख न्यौपानेले भन्नुभयो-स्थानीय तह र सहकारी मिलेर समुदायमा आर्थिक सामाजिक गतिविधिलाई प्रभावकारी बनाउनु छ । राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु) ले सहकारीमार्फत समुदायको आर्थिक विकासका लागि सहकारी ऐन नियमको प्रभावकारी कार्यान्वयनसंगै समन्वय र सहकार्यका साथ अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक राम बहादुर जिसी, कृषि सहकारी संघ तनहुँका अध्यक्ष विष्णु कुमार श्रेष्ठ लगायतले वधाई तथा शुभकामना व्यक्त गर्नु भएको थियो ।

कार्यक्रम बैंकको दमौली शाखा समन्वय उपसमितिका संयोजक तथा केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका वरिष्ठ उपाध्यक्ष अमर बहादुर कुँवरको अध्यक्षता, शाखा समन्वय उपसमितिका सदस्य रामजी लौडारीको स्वागत र बैंकका शाखा प्रमुख उपेन्द्र दाहालको सञ्चालनमा सम्पन्न भएको थियो ।

# लाहानमा राष्ट्रिय सहकारी बैंकको सदस्य सम्मान तथा अन्तरक्रिया कार्यक्रम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड लाहान शाखाको आयोजनामा सदस्य सम्मान तथा सहकारीको समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम ०७९ असार २३ गते सम्पन्न भएको छ । कार्यक्रममा दुई वटा सहकारी संस्थालाई बैंकको व्यवसाय पुरस्कारले सम्मान गरेको छ ।बैंकको लाहान शाखामा आर्थिक वर्ष २०७७/०७८ मा बैंकमा नियमित कारोबार गर्ने र उत्कृष्ट कारोबार गर्ने एक/एक वटा सहकारी संस्थालाई एक कार्यक्रमका बीच बैंकले सम्मान गरेको हो ।

उत्कृष्ट कारोबार विधामा राजश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित कारोबार विधामा साना किसान कृषि सहकारी संस्था लिमिटेडलाई पुरस्कृत गरिएको हो । बैंकका अध्यक्ष के.बी. उप्रेती, संचालक एवम् प्रदेश नम्बर २ का संयोजक विश्वनाथ मण्डल लगायतले पुरस्कृत गर्नु भएको थियो । पुरस्कार वितरण पछि अन्तरक्रिया कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारीको सेवा तथा कार्यलाई प्रविधिमैत्री बनाउनु पर्ने बताउनु भयो ।

सहकारी संस्थाहरुले दिने सेवालाई समयानुकूल र प्रविधिमैत्री बनाउन नसक्दा पछि परेको भन्दै यसको लागि सहकारी बैंकले प्रविधि लगायत सबै क्षेत्रको सेवा बैंक मार्फत उपलब्ध गराउने गरी कार्य गरिरहेको उल्लेख गर्नु भयो ।

उहाँले असार मसान्तको समय भएकोले सहकारी क्षेत्रको पैसा सहकारीका संघहरु एवम् राष्ट्रिय सहकारी बैंकमानै राख्न आग्रह गर्नु भयो । यस क्षेत्रका संस्थाहरुले अझ मर्यादित भएर आय-आर्जन हुने क्षेत्रमा कार्य गर्नुपर्ने भएकोले सहकारी मार्फत गरीबि न्युनीकरण, स्वरोजगारमा वृद्धि र स्वदेशी उत्पादनमा योगदान गर्ने गरी संस्थाहरुले कर्जा लगानी गर्नु पर्ने भएकाले बैंकको पहलमा सातै प्रदेशका सरकारबाट सहुलियत दरको रकम उपलब्ध गराउन पहल भइरहेको जानकारी दिंदै बैंकद्वारा सुरु गर्न लागेको एटिएम (कोप कार्ड) फण्ड ट्रान्सफर सेवामा आवद्ध हुन सबै संस्थाहरुलाई आह्वान गर्नु भयो ।

कार्यक्रममा बैंकका सञ्चालक विश्वनाथ मण्डलले सहकारीको समसामयिक विषयमा प्रस्तुतिकरण समेत गर्नु भएको थियो । बैंकको लाहान शाखा समन्वय उप-समितिका संयोजक संजय महतोको अध्यक्षतामा भएको कार्यक्रमको संचालन शाखा प्रमुख समिर श्रेष्ठले गर्नु भएको थियो । कार्यक्रममा जिल्ला भरिका सहकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

# सर्लाहीमा राष्ट्रिय सहकारी बैंकको सदस्य सम्मान तथा अन्तरक्रिया कार्यक्रम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सर्लाहीको हरिवनमा आयोजना गरेको सदस्य सम्मान तथा सहकारीको समसामयिक विषयमा तिन जिल्लाका सहकारीकर्मीहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । ०७९ असार २४ गते बैंकको मधेश प्रदेशको तिन शाखाले आयोजना गरेको कार्यक्रममा छ वटा सहकारी संस्थालाई बैंकको व्यवसाय पुरस्कारले सम्मान गरेको छ ।बैंकका हरिवन, बर्दिबास र चपुर शाखामा आर्थिक वर्ष २०७७/०७८ मा बैंकमा नियमित र उत्कृष्ट कारोबार गर्ने एक/एक वटा सहकारी संस्थालाई एक कार्यक्रमका बीच बैंकले सम्मान गरेको हो । बैंकको १८ औं बार्षिक साधारण सभामा घोषणा भए बमोजिम शाखा कार्यालय बर्दिबासबाट उत्कृष्ट कारोवार बिधामा सत्कर्म कृषि सहकारी सस्था लिमिटेड बर्दिबास, महोत्तरी र नियमित कारोवार बिधामा एकिकृत बचत तथा ऋण सहकारी संस्था लिमिटेड बर्दिबास, महोत्तरीलाई सम्मान गरिएको छ । हरिवन शाखाबाट उत्कृष्ट कारोवार बिधामा जय गंगा बचत तथा ऋण सहकारी सस्था लिमिटेड हरिपुर्वा, सर्लाही र नियमित कारोवार बिधामा जय सिद्धि बिनायक कृषि सहकारी संस्था लिमिटेड हरिवन, सर्लाहीलाई सम्मान गरिएको छ । त्यस्तै, शाखा कार्यालय चपुरबाट उत्कृष्ट कारोवार बिधामा स्वस्तिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड चन्द्रपुर, रौतहट र नियमित कारोवार बिधामा मनकामना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड चन्द्रपुर, रौतहटलाई सम्मान गरिएको छ । उक्त सम्मान बैंकका अध्यक्ष के.बी. उप्रेती, प्रमुख अतिथि हरिवन नगरपालिकाका नगर प्रमुख कमल बुढाथोकी बैंकका संचालक एवम प्रदेश नम्बर २ का संयोजक विश्वनाथ



कार्यक्रममा मन्तव्य राख्नुहुँदै प्रमुख अतिथि एवम् हरिवन नगरपालिकाका नगर प्रमुख कमल बुढाथोकीले सहकारी क्षेत्रको बिकास तिव्र हुँदै गएपनि समय अनुसार चल्न नसकेको बताउनु भयो । उहाँले सहकारी क्षेत्र प्रविधि मैत्रीबन्दै सहकारी ऐन नियम तथा कानुन बमोजिम सञ्चालन भन्दै, समग्र सहकारी क्षेत्रको वृद्धि तथा बिकासका लागि आफ्नो तर्फबाट सदैव साथ र सहयोग रहने बताउनुभयो। बैंकका अध्यक्ष के.बी. उप्रेतीले बैंकको सेवा, कोपोमिस प्रविष्टि, सम्पती शुद्धिकरण, उद्यमशीलताको बिकास, परिवर्तीत नयाँ आयकर लगायतका विषयमा कार्यक्रमाका सहभागिहरुले राखेको जिज्ञासाहरुको सम्बोधन गर्दै बैंकले प्रविधिमैत्री सेवामा जोड दिएको उल्लेख गर्नुभयो । उहाँले बैंकले छिट्टै सहकारीका सदस्यहरुले प्रयोग गर्न मिल्ने 'एटिम कार्ड' संचालनमा ल्याउने जानकारी दिनुहुँदै, त्यसका लागि बैंक अहिले परिक्षणको क्रममा रहेको बताउनु भयो । बैंकका अध्यक्ष के.बी. उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा हरिवन नगरपालिकाका नगर प्रमुख कमल बुढाथोकी, बर थहवा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मदन कुमार थापा, बैंकको हरिवन शाखा समन्वय उपसमितिका संयोजक एवम् जिल्ला बचत तथा ऋण सहकारी सघ सर्लाहीका अध्यक्ष बाबुराम घिमिरे लगायतले मन्तव्य राख्नु भएको थियो ।

बैंकका सञ्चालक तथा मधेश प्रदेशका संयोजक विश्वनाथ मण्डलको संचालनमा भएको कार्यक्रममा तिन जिल्लाका सहकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकको समग्र अवस्था र कोपोमिस प्रविष्टिका विषयमा प्रस्तुतीकरण राष्ट्रिय सहकारी बैक शाखा कार्यालय जनकपुरका शाखा प्रमुख बिष्णु प्रसाद पराजुलीले गर्नुभएको थियो ।

# सहकारी बैंकद्वारा स्याङ्जाका दुई सहकारीलाई व्यवसाय पुरस्कार

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड वालिङ शाखाले स्याङ्जाका दुईवटा सहकारी संस्थालाई बैंकको व्यवसाय पुरस्कार प्रदान गरेको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा बैंकमा नियमित कारोबार गर्ने र उत्कृष्ट कारोबार गर्ने एक/एक वटा सहकारी संस्थालाई ०७९ असार २५ गते वालिङमा आयोजित एक कार्यक्रममा बैंकले पुरस्कृत गरेको हो



तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित विधामा मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पुरस्कृत गरिएको हो ।

गाउँवेशी सहकारीका सचिव केशव भट्टराई र मितेरी सहकारीका अध्यक्ष टेकलाल खनाललाई बैंकका तर्फबाट राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जि.सी. (अञ्जु), राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसी, जिल्ला सहकारी संघ स्याङ्जाका अध्यक्ष लक्ष्मीपति पौडेल, जिल्ला वचत तथा ऋण सहकारी संघका अध्यक्ष रविन्द्र श्रेष्ठ, बैंकको वालिङ शाखा समन्वय उपसमितिका संयोजक पूण्य अर्याल लगायतले पुरस्कृत गर्नु भएको थियो । बैंकको १८ औं वार्षिक साधारणसभामा घोषणा गरिएका विभिन्न विधाका पुरस्कार मध्ये शाखा स्तरीय पुरस्कार शाखाले आयोजना गरेको कार्यक्रम मार्फत वितरण गरिदै आएको छ ।

पुरस्कार वितरण कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु) ले सहकारीहरुले सञ्चालन गरेको व्यवसायलाई मर्यादित र सदस्यमैत्री बनाउनका लागि सहकारी अभियानका सबैको समन्वय र सहकार्य आवश्यक रहेको बताउनु भयो । उहाँले सहकारीका संघ र विषयगत संघहरुलाई सक्रिय बनाएर सहकारी संस्थाहरुको प्रवर्द्धनमा ध्यान दिनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जिल्ला सहकारी संघ स्याङ्जाका अध्यक्ष लक्ष्मीपति पौडेलले सहकारीहरुलाई सहकारीकै मर्म र भावना अनुसार सञ्चालन गर्न सकेमा हाल देखिएका समस्याहरु स्वत समाधान भएर जाने बताउनु भएको थियो । जिल्ला वचत तथा ऋण सहकारी संघका अध्यक्ष रविन्द्र श्रेष्ठले सहकारी संस्था सञ्चालन गर्न विद्यमान ऐन कानुनको प्रभावकारी कार्यान्वयनलाई ध्यान दिनु पर्नेमा जोड दिनुभयो ।

जिल्ला कृषि सहकारी संघका अध्यक्ष टिकाराम रेग्मीले सहकारी क्षेत्रमा रहेको पूँजिलाई कृषि क्षेत्रमा परिचालनका लागि योजना, कार्यक्रम र तत्परता आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्दै सहकारी संघ संस्थाको वित्तीय व्यवस्थापन, संस्थागत विकास, प्रविधिमैत्री सेवा र बहस तथा पैरवीका लागि सहकारी बैंक सदैव तयार रहेको बताउनुभयो । उहाँले सहकारीहरुले सम्पूर्ण कारोबार सहकारी बैंकसंग गर्न सकेमा संरक्षित पूँजि फिर्ता कोषबाट लाभ लिन सक्ने विषयमा ध्यान दिन सहकारीकर्मीहरुलाई आग्रह गर्नु भएको थियो । कार्यक्रममा सहकारीकर्मीहरु भरत वाग्ले, राजेन्द्र डुम्रे, राजु डुम्रे, रमेश अर्याल, टेकलाल खनाल, दिनेश खनाल, डग प्रसाद गुरुङ लगायतले बैंकको सेवाको प्रभावकारिता र आगामी कार्यक्रमका बारेमा सुझाव दिनु भएको थियो । कार्यक्रम बैंकको वालिङ शाखा समन्वय उपसमितिका संयोजक पूण्य अर्यालको अध्यक्षता, बैंकका शाखा प्रमुख टिकाराम अधिकारीको सञ्चालन र कर्मचारी विजय रेग्मीका स्वागतमा सम्पन्न भएको थियो ।

## सिन्धुलीमा राष्ट्रिय सहकारी बैंकको सदस्य सम्मान तथा अन्तरक्रिया कार्यक्रम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सिन्धुली शाखाको आयोजनामा सदस्य सम्मान तथा सहकारी संघ संस्थाका प्रतिनिधिहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । असार २७ गते बैंकको सिन्धुली शाखाले आयोजना गरेको कार्यक्रममा दुई वटा सहकारी संस्थालाई बैंकको व्यवसाय पुरस्कारले पुरस्कृत गरेको छ । बैंकको सिन्धुली शाखामा आर्थिक वर्ष २०७७/०७८ मा बैंकमा नियमित र उत्कृष्ट कारोबार गर्ने एक/एक वटा सहकारी संस्थाहरुलाई एक कार्यक्रमका बीच बैंकले



पुरस्कृत गरेको हो । पुरस्कृत हुने संस्थाहरुमा उत्कृष्ट कारोबार विधामा सरल बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित विधामा सिन्धुली एकता बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पुरस्कृत गरिएको हो । पुरस्कार बैंकका संचालकहरु राम हरि बजगाई, विश्वनाथ मण्डल, नायब महाप्रबन्धक राजेश श्रेष्ठ, बैंकको सिन्धुली शाखा समन्वय उपसमितिका संयोजक बाल कुमारी श्रेष्ठ लगायतले पुरस्कृत गर्नु भएको थियो । बैंकको १८ औं वार्षिक साधारणसभामा घोषणा गरिएका विभिन्न विधाका पुरस्कार मध्ये शाखा स्तरीय पुरस्कार शाखाले आयोजना गरेको कार्यक्रम मार्फत वितरण गरिदै आएको छ ।

कार्यक्रममा बैंकका संचालक एवम् कार्यक्रमका प्रमुख अतिथि राम हरि बजगाईले पुरस्कृत संस्थालाई बधाई तथा शुभकामना दिनुहुँदै संस्थाको सम्पूर्ण आवश्यक्ता बैंकलेनै पूरा गर्ने भएकोले राष्ट्रिय सहकारी बैंकमा उत्कृष्ट र नियमित कारोबार गर्न आग्रह गर्नुभयो । बैंकले सदस्य सहकारी संघ संस्थालाई वित्तीय तथा गैर-वित्तीय सेवाको साथै अन्य विभिन्न सेवा उपलब्ध गराएको भन्दै सदस्य संस्थाहरुले बैंकबाट अधिकमात्रमा सेवा उपभोग गरी फाईदा लिन आग्रह गर्नु भयो । उहाँले सहकारी संघ संस्थालाई आवश्यक पर्ने सम्पूर्ण सेवाहरु बैंक मार्फतनै उपलब्ध हुने भएकोले अन्य क्षेत्र धाईरहनु नपर्ने बताउनु भयो । राष्ट्रिय सहकारी महासंघको लेखा सुपरिवेक्षेण समितिका सदस्य एवम् बैंकको सिन्धुली शाखा समन्वय उपसमितिका संयोजक बाल कुमारी श्रेष्ठले सहकारी अभियानलाई थप मजबुत र प्रभावकारी बनाउन सहकारी बैंकले जिल्लामा रहेका संघ तथा विषयगत संघहरुसंग समन्वय गरि अघि बढेमा थप प्रभावकारी हुने बताउनु भयो । उहाँले सम्मानित भएका सहकारी संस्थाहरुलाई बधाई तथा शुभकामना दिनुहुँदै सम्पूर्ण सहकारी संस्थाका प्रतिनिधिहरुलाई सहकारीको वित्तीय कारोबार लगायत अन्य तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सहकारी बैंक मार्फत गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा बैंकको तर्फबाट प्रस्तुतीकरण र व्यवस्थापनसँग सम्बन्धित विषयमा उठान भएका विषयवस्तुमा बैंकका नायव महाप्रबन्धक राजेश श्रेष्ठले सहजीकरण गर्नु भएको थियो । सिन्धुली शाखा समन्वय उपसमितिका संयोजक बाल कुमारी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला सहकारी संघ सिन्धुलीका महासचिव एवम् शाखा समन्वय उपसमिति सदस्य नवराज कोईरालाको स्वागत मन्तव्य तथा शाखा प्रमुख रेगन बर्तौलाको संचालनमा भएको थियो ।

कार्यक्रममा बैंकको सिन्धुली शाखामा कारोबार गर्ने सहकारी संघ संस्थाका एक सय पैतिस भन्दा बढी प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## सुर्खेतमा सहकारी व्यवस्थापनमा लेखा समितिको भुमिका विषयक अन्तरक्रिया कार्यक्रम



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्खेत शाखाको आयोजनामा 'सहकारी व्यवस्थापनमा लेखा सुपरिवेक्षण समितिको भुमिका' विषयक एक दिने अन्तरक्रिया कार्यक्रम ०७९ असार २७ गते सम्पन्न भएको छ । कार्यक्रममा सहकारीको परिचय, सिद्धान्त, मूल्य मान्यता, ईतिहास, सहकारीको व्यवस्थापन, संचालक समितिका, लेखा सुरिवेक्षण समिति, पदाधिकारीहरुको भूमिका तथा जिम्मेवारी सहित लेखाको परिचय, सिद्धान्त सहकारी संस्थामा यसको महत्व लगायत व्यवहारिक अभ्यासका क्रियाकलाप लगायतको विषयमा लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यको भुमिकाको विषयमा अन्तरक्रिया भएको बैंकले जनाएको छ ।बैंकका संचालक एवम् कर्णाली प्रदेशका संयोजक हरिहर नाथ योगीले कार्यक्रमको प्रवर्द्धन र विकासका लागि सहकारी संस्थाको लेखा सुपसिरवेक्षण समितिको क्षेत्रमा काम गरिरहेका लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरुलाई

पुग्ने बताउनु भयो । सम्पूर्ण सहकारी संघ संस्थाहरुको एक मात्र बैंक भएको कारण पनि यो र यस्तै कार्यक्रमले संस्थामा सुसासन, पारदर्शीता र जवाफेहिता कायम हुन मद्धत मिल्ने उल्लेख गर्नु भयो । कार्यक्रममा सिए छवि आचार्यले सहकारी व्यवस्थापनमा लेखा सुपरिवेक्षण समितिको भुमिकाको विषयमा सहजीकरण गर्नु भएको थियो ।सोहि कार्यक्रमको पुरस्कृत हुने संस्थाहरुमा उत्कृष्ट कारोबार विधामा साना किसान कृषि सहकारी सस्था लिमिटेड वीरेन्द्रनगर नगरपालिका-९ र नियमित कारोबार गर्ने गणेश जल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड वीरेन्द्रनगर नगरपालिका- सुर्खेतलाई पुरस्कृत गरिएको हो । पुरस्कार बैंकका संचालक एवम् कर्णाली प्रदेशका संयोजक हरिहर नाथ योगी, जिल्ला सहकारी संघका अध्यक्ष चन्द्र प्रसाद थानी लगायतले पुरस्कृत गर्नु भएको थियो ।

बैंकको १८ औं वार्षिक साधारणसभामा घोषणा गरिएका विभिन्न विधाका पुरस्कार मध्ये शाखा स्तरीय पुरस्कार शाखाले आयोजना गरेको कार्यक्रम मार्फत वितरण गरिदै आएको छ । बैंकको सुर्खेत शाखाका प्रमुख हिरालाल सुनारको अध्यक्षतामा तथा कर्मचारी लक्ष्मी खड्काको संचालनमा भएको कार्यक्रममा सुर्खेतका ३० वटा सहकारी संस्थाका ५६ जना लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरुको सहभागिता रहेको थियो ।

## राष्ट्रिय सहकारी बैंकको संरक्षित पुँजी फिर्ता

......... अर्थिक वर्ष २०७७/०७८ मा बचत र कर्जा कारोबार गर्ने १३,७१२ सहकारी संघ/संस्थाहरुको संरक्षित पूँजी फिर्ता कोषबाट लाभान्वित भएका छन् । बचत र कर्जामा उच्च कारोबार गरी योगदान गरेबापत सबैभन्दा बढी रकम फिर्ता पाउने सदस्यले बचत तर्फ ५६ लाख ५२ हजार तथा कर्जा तर्फ १३ लाख ७८ हजारसम्म प्राप्त गरेको प्रमुख कार्यकारी अधिकृत गुरागाईले बताउनु भयो ।"उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक"भन्ने परिकल्पनाका साथ अघि बढेको बैंकले संरक्षित पूँजी फिर्ता कोषबाट ५० हजार भन्दा बढी रकम प्राप्त गर्ने सहकारी संघ/संस्थाहरु ६९९ रहेका छन् । हाल बैंकमा १५ हजार भन्दा बढी सदस्य सहकारी संघ संस्थाहरु रहेका छन् । यस अघि बैंकले आफ्ना सदस्य सहकारी संघ / संस्थाहरुलाई आर्थिक वर्ष २०७७ /०७८ को लागि बैंकको १८ औं वार्षिक साधारण सभाबाट पारित गरी १५ प्रतिशत लाभांस वापतको रकम साधारण सभा सम्पन्न गरेको दिन गत पौष ३० गते वितरण गरेको थियो । सहकारी ऐन, २०७४ तथानियमावली २०७५ले गरेको व्यवस्था पछि सहकारीहरुको केन्द्रीय निकायहरु मध्ये निरन्तर संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यहरुलाई रकम बाँडफाँड गर्ने बैंक पहिलो हो । सहकारीका अन्य केन्द्रीय निकायहरुले शेयरको आधारमा वितरण गरे पनि बैंकले बचत र कर्जा कारोबारको आधारमा वितरण गर्दै आएको छ ।बैंकले नियमित बचत तथा कर्जाको कारोबार गर्ने र संरक्षित पूँजी फिर्ता कोषबाट रकम पाउने सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई हार्दिक बधाई व्यक्त गर्दै आगामी दिनहरुमा समेत राष्ट्रिय सहकारी बैंकमा कारोबार गरी संरक्षित पूँजी फिर्ता कोषबाट लाभ लिन अनुरोध गरेको छ ।

